# लेखापरीक्षण प्रतिवेदन

# स्वर्गद्वारी नगरपालिका, प्युठान

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# स्वर्गद्वारी नगरपालिका, प्युठान

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/342

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,

स्वर्गद्वारी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, प्युठान।

## कैफियतसहितको राय

हामीले स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट प्राप्त भएकोसामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड ५१ लाख ४१ हजार, गरिवसँग विश्वेश्वर कार्यक्रमको रु.७ लाख १६ हजार, पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु.३ करोड ५७ लाख ६० हजार, सामाजिक विकास कार्यक्रमको रु.८ लाख ७८ हजार,

राष्ट्रपति महिला शसक्तिकरण परियोजनाको रु.३ लाख ३० हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३ लाख ७५ हजार समेत गरी रु.१६ करोड ३२ लाख सुत्रमा लेखा राखेको छैन ।

२. नगरपालिकाको रु.१ करोड ४६ लाख ५६ हजार ६० हजार लेखापरीक्षण गरिएकोमा रू.५ करोड ६९ लाख ११ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.४३ लाख ७५ हजारको प्रतिक्रिया उपर कारबाही भई प्रतिक्रियाबाट थप रु.१ लाख २७ हजार समेत बाँकी बेरुजु रु.५ करोड २६ लाख ६३ हजार मध्ये असुल गर्नुपर्ने रू. २० लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १६ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ७ लाख ९ हजार र पेस्की बाँकी रु.८२ लाख ३६ हजार रहेको छ। पालिकाको गत वर्षसम्म रु. ८ करोड ९१ लाख ६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१४ करोड १७ लाख ६९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाको आ.व. ०८०/८१ मा वित्तीय विवरणमा समावेश हुनु पर्नेमा अन्तर सरकारी हस्तान्तरण तर्फको निकासा खर्च समावेश नगरेकोले, वित्तीय विवरणमा हिसाब फरक परेको, लेखानीति तथा टिप्पणीमा खुलासा गर्नुपर्नेमा सम्पत्ति तर्फको खुलासा नगरेको अवस्था रहेको छ।लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने स्वर्गद्वारी नगरपालिकासँग हामी स्वतन्त्र छौं।त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्वर्गद्धारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु (रु. हजार)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १२५ | ११५ | ५६९११ | ० | ४१ | ४३७५ | १२७ | १२५ | ५४ | ५२६६३ | २०५३ | ३०७०९ | ११६६५ | ० | ० | ४२३७४ | ८२३६ |

**अद्यावधिक बेरुजू स्थिति (रु.हजारमा)**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| प्यूठान | १४९१५८ | ० | ६००५२ | ८९१०६ | ० | ५२६६३ | १४१७६९ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ११७.११ | स्वर्गद्वारी कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) | ४०,२०० |

| | | | | |
|---|---|---|---|---|
| २ | २०८०/८१ | १०९.२ र ३ | सौर्य बत्ती जडान | ८,०९,९८५ |
| ३ | २०८०/८१ | ६९ | समायोजन ग्रेड | ३,७८,१८६ |
| ४ | २०८०/८१ | ७० | सट्टा विदा | ३८,८७५ |
| ५ | २०८०/८१ | ५९ | शिक्षकको तलब भत्ता निकासा | ८,१४३ |
| ६ | २०८०/८१ | ८६ | बढी बैठक भत्ता | १७,००० |
| ७ | २०८०/८१ | १०१ | फरक दरमा सिमेन्टको प्रयोग | ६०,२१८ |
| ८ | २०८०/८१ | ५५ | प्राविधिक भत्ता | ३,००० |
| ९ | २०८०/८१ | १०४ | पारीश्रमिक कर | २०,०१३ |
| १० | २०८०/८१ | ६४ | पदाधिकारी सुविधामा बढी भुक्तानी | ६,००० |
| ११ | २०८०/८१ | ८५ | पकेट विकास | ६,००० |
| १२ | २०८०/८१ | १०६.३ | नमुना विद्यालय | १,५२,३५७ |
| १३ | २०८०/८१ | ९६ | नन्फाइलर | ६,७०,०३८ |
| १४ | २०८०/८१ | ११६ | दोहोरो भुक्तानी | ९,९०० |
| १५ | २०८०/८१ | ५३.४ | दिवा खाजा | ५६,३४९ |
| १६ | २०८०/८१ | ५२ | थप पाठ्यपुस्तक वितरण | ७,८८,११५ |
| १७ | २०८०/८१ | १०२ | १५ शैया अस्पताल | १३,१०,२३७ |
| १८ | २०७९/८० | २३ | सचिवालय सहयोगी | ३,७८,००० |
| १९ | २०७९/८० | ४४ | शिक्षा तर्फ | ६७,४६,९४० |
| २० | २०७९/८० | ३४ | लघु उद्यम कार्यक्रम | २,९५,४१० |
| २१ | २०७९/८० | २५ | मुल्य अभिवृद्धि कर नभएका सँग खरिद | १३,२५,५०० |
| २२ | २०७९/८० | ६८ | मा वि आ विमा इलेक्ट्रीक फिल्टर जडान | ८,९९,९८० |

| | | | | |
|---|---|---|---|---|
| २३ | २०७९/८० | ४० | मल्टिपर्पज कभर्ड हल | १९,९४,३८८ |
| २४ | २०७९/८० | ३९ | प्रदेश समपूरक अनुदान फरक कार्यक्रममा खर्च | ४६,२६,३२७ |
| २५ | २०७९/८० | ७९.४ | प्रकोप व्यवस्थापन कोष | २,६०,००० |
| २६ | २०७९/८० | १९ | पदाधिकारी यातायात सुविधा | १,४४,००० |
| २७ | २०७९/८० | ६९ | जस्तापाता खरिद बजेट तथा अभिलेख | २,९६,९८,१३० |
| २८ | २०७९/८० | २९ | गै.स.स. मार्फत कार्यक्रम | १,९५,२११ |
| २९ | २०७९/८० | २२ | कर्मचारी प्रोत्साहन भत्ता | ७,५९,५८५ |
| ३० | २०७९/८० | ८३ | औद्योगिकग्राम निर्माण | २,९८,५९९ |
| ३१ | २०७९/८० | ७४ | इन्भर्टर र व्याट्री खरिद | १३,४४,९२३ |
| ३२ | २०७८/७९ | ३५ | वैठक भत्ता | ४४,२०० |
| ३३ | २०७८/७९ | ३८ | फिल्ड भत्ता | ७५,६०० |
| ३४ | २०७८/७९ | ३२ | प्राविधिक ग्रेड | ११,९४६ |
| ३५ | २०७८/७९ | ३७ | कर्मचारी प्रोत्साहन भत्ता | ६,०९,३०० |
| ३६ | २०७७/७८ | ५६ | स्वरोजगार कार्यक्रम | ३,९३,९८३ |
| ३७ | २०७७/७८ | ३१ | स्वकीय सचिव र सल्लाहकार | ४,००,८०० |
| ३८ | २०७७/७८ | ५७ | लागत अनुमान बेगर कार्यक्रम कार्यान्वयन | ३,९७,९५५ |
| ३९ | २०७७/७८ | ६२ | जलुके खानेपानी आयोजना | ९,८३,३८५ |
| ४० | २०७७/७८ | ६७ | कार्यसम्पन्न नहुँदै कार्यसम्पन्न प्रतिबेदन जारी | ५०,१९,५१२ |
| ४१ | २०७७/७८ | २० | कर्मचारी करार | २०,११,४४० |
| ४२ | २०७९/८० | ६.३ | संगठन तथा कर्मचारी व्यवस्थापन- यसमा देहायका व्यहोरा देखिएका छन् – | ३,५८,९५६ |
| ४३ | २०७९/८० | १३ | पेश्की बाँकी | १,५५,००० |

| | | | | |
|---|---|---|---|---|
| ४४ | २०७८/७९ | ११ | कोभिड खर्च | ६,२२,९५२ |
| | | | **जम्मा** | **६,४४,२६,६४०** |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| पालिकाको बक्यौता लेखापरीक्षण नरहेको । | स्वर्गद्वारी नगरपालिका |

# (८०५५५४०२३०० - स्वर्गद्वारी नगरपालिका, प्युठान )

# परिचय

१ **परीचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१६ देखि २०८०।५।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतितपत्रमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.१ अरव, ४६ करोड, ५६ लाख, ६० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१६७०३२।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा बढी भुक्तानी | ७८८०० |
| २ | भर्पाई नभएको भत्ता भुक्तानी | २२१०० |
| ३ | सशर्त अनुदान फिर्ता | ६६१३२ |
| | जम्मा | १६७०३२ |

२ **वित्तिय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | नगद | तेस्रो पक्ष भुक्तानी | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १२,०८,४९,५८६.४६ | ० | १२,०८,४९,५८६.४६ | १०,५६,२२,३१५.३६ | ० | १०,५६,२२,३१५.३६ |
| १३००० | अनुदान | | ४३,७०,३४,५९६.७९ | ० | ४३,७०,३४,५९६.७९ | ४२,८२,६२,४३५.५९ | ० | ४२,८२,६२,४३५.५९ |
| १४००० | अन्य राजस्व | | १,२७,४०,०४२.४२ | ० | १,२७,४०,०४२.४२ | ९९,२३,२६७.८८ | ० | ९९,२३,२६७.८८ |
| १५००० | विविध प्राप्ति | | ५,१९,९४४.०० | ० | ५,१९,९४४.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ५७,११,४४,१६९.६७ | | ५७,११,४४,१६९.६७ | ५४,३८,०८,०१८.८३ | | ५४,३८,०८,०१८.८३ |
| ३ | चालु | | ३८,५९,६८,५०६.५२ | ० | ३८,५९,६८,५०६.५२ | ३८,८२,८९,०६४.३६ | ० | ३८,८२,८९,०६४.३६ |
| २१००० | पारिश्रमिक / सुविधा | | २४,६२,९१,५८८.५० | ० | २४,६२,९१,५८८.५० | २२,६७,४५,९५२.२७ | ० | २२,६७,४५,९५२.२७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १२,८८,५१,३८१.३७ | ० | १२,८८,५१,३८१.३७ | १०,०९,५४,६९६.०२ | ० | १०,०९,५४,६९६.०२ |
| २३००० | स्थिर सम्पत्तिको उपभोग खर्च | | २३,६५,५७१.०० | ० | २३,६५,५७१.०० | ० | ० | ० |
| २५००० | सहायता (Subsidy) | | ८,९८,८५०.०० | ० | ८,९८,८५०.०० | ३,६८,३२,६६४.९८ | ० | ३,६८,३२,६६४.९८ |
| २७००० | सामाजिक सुरक्षा | | ५५,२१,६३७.६५ | ० | ५५,२१,६३७.६५ | ७४,५३,१३५.४५ | ० | ७४,५३,१३५.४५ |
| २८००० | अन्य खर्च | | २०,३९,४७८.०० | ० | २०,३९,४७८.०० | १,६३,०२,६१५.६४ | ० | १,६३,०२,६१५.६४ |
| ४ | पूंजीगत | | १७,६३,०६,२२५.११ | ० | १७,६३,०६,२२५.११ | २२,२४,८८,९१८.३९ | ० | २२,२४,८८,९१८.३९ |
| ३१११० | भवन तथा संरचना | | २,४२,६३,४९८.१२ | ० | २,४२,६३,४९८.१२ | ७,१०,५५,६१६.०० | ० | ७,१०,५५,६१६.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ९६,२१,३००.७९ | ० | ९६,२१,३००.७९ | १,३२,७४,४९३.४१ | ० | १,३२,७४,४९३.४१ |
| ३११३० | अन्य पूँजीगत खर्च | | १२,९५,४७९.०० | ० | १२,९५,४७९.०० | ५९,३४,२४३.०० | ० | ५९,३४,२४३.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १३,८६,१५,१७७.२० | ० | १३,८६,१५,१७७.२० | १२,६८,७०,७५९.३६ | ० | १२,६८,७०,७५९.३६ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | २,९३,०५३.०० | ० | २,९३,०५३.०० | ५३,५३,८०६.६२ | ० | ५३,५३,८०६.६२ |
| ३११७० | पूँजीगत सुधार खर्च | | १९,२०,७१७.०० | ० | १९,२०,७१७.०० | ० | ० | ० |
| ३१२२० | मौज्दात सामानहरु | | २,९७,०००.०० | ० | २,९७,०००.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ५६,२२,७४,७३१.६३ | | ५६,२२,७४,७३१.६३ | ६१,०७,७७,९८२.७५ | | ६१,०७,७७,९८२.७५ |
| ग) | बचत /कमी (ग = | | ८८,६९,४३८.०४ | | ८८,६९,४३८.०४ | (६,६९,६९,९६३.९२) | | (६,६९,६९,९६३.९२) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क-ख ) | | | | | | | |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दात | | (१९,४७,१८२.४९) | | (१९,४७,१८२.४९) | १,१७,५४,२९५.८६ | | १,१७,५४,२९५.८६ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -२,६२४.०० | | -२,६२४.०० | (१,८०,७१७.१८) | | (१,८०,७१७.१८) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात | | ६९,२२,२५५.५५ | | ६९,२२,२५५.५५ | (५,५२,१५,६६८.०६) | | (५,५२,१५,६६८.०६) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५,६०,०६,४६१.९५ | | ५,६०,०६,४६१.९५ | ११,१२,२२,१३०.०१ | | ११,१२,२२,१३०.०१ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात | | ६,२९,२८,७१७.५० | | ६,२९,२८,७१७.५० | ५,६०,०६,४६१.९५ | | ५,६०,०६,४६१.९५ |

**संघिय सरकार र प्रदेश सरकार तर्फको C-GASमार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।**

| सि.नं | आयतर्फ | | व्ययतर्फ | |
|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १२५१४१३०६ | सामाजिक सुरक्षा भत्ता वितरण | १२५१४१३०६ |
| २ | गरिवसँग विश्वेश्वर कार्यक्रम | ७१५५०० | गरिवसँग विश्वेश्वर कार्यक्रम | ७१५५०० |
| ३ | पर्यटन पुर्वाधार विकास आयोजना | ३५७६०४९१ | पर्यटन पुर्वाधार विकास आयोजना | ३५७६०४९१ |
| ४ | सामाजिक विकास कार्यक्रम | ८७७५४० | सामाजिक विकास कार्यक्रम | ३७४९१६ |
| ५ | राष्ट्रपति महिला शसक्तिकरण परियोजना | ३३०००० | राष्ट्रपति महिला शसक्तिकरण परियोजना होमस्टे तालिम र नगद हस्तान्तरण | ८७७५४० |
| ६ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३७४९१६ | मृगौला डाइलासिस क्यान्सर र पक्षघातका विरामिलाइ मासिक भत्ता | ३३०००० |
| | **जम्मा** | **१६३११९७५३** | **जम्मा** | **१६३११९७५३** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवारको लेखाङ्कन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको

वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२५१४१३०७।०२, गरिवसँग विश्वेश्वर कार्यक्रमको रु.७१५५००।-, सामाजिक विकास कार्यक्रमको रु.३७४९१६।-, राष्ट्रपति महिला शसक्तिकरण परियोजनाको रु.८७७५४०।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३३०००००।-र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु.३५७६०४९१।-समेत गरी रु.१६३१९९७५३।-सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

४ **बैङ्क हिसाव विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नुपर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं. २१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४३९०२५२४।१३ | ४५१३२०६५।- | (१२२९५४०।८७) |
| चालु खर्च खाता | ७९१६२।- | ०० | ७९१६२।- |
| पुँजीगत खर्च खाता | ९८११०८।८५ | ०० | ९८११०८।८५ |
| विविध खर्च खाता | ६३४११४३।३६ | ६३४११४३।३६ | ०० |
| विपद व्यवस्थापन खाता | १०२६१४१।५ | १०२६१४१।५ | ०० |
| स्थानीय विभाज्य कोष | ०० | ०० | ०० |
| कर्मचारी कल्याण कोष खाता | ०० | ०० | ०० |
| धरौटी मौज्दात | ९०९४४६७।४३ | ९०९४४६७।४३ | ०० |
| ग१.१, आन्तरिक राजस्व खाता | १४२६२५४ | १४२६२५४।- | ०० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०० | ०० | ०० |
| बैङ्क मौज्दात | ६३५८२६०२।४८ | ६३०२००७१।२९ | १०७४६७८।५० |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

५ **फरक जिम्मेवारीः**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु.५६३४४३०२।९२ रहेकोमा यो वर्षको सूत्रको विवरणमा शुरु मौज्दात रु.५६००६४६१।९५ मात्र जिम्मेवारी सारेको देखिएकोले कम जिम्मेवारी सारेको रु.२३७८४०।९७ को सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | २,३७,८४०.९७ |

६ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन

तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २२००००००।-प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.२४९८५९३१।५४।-अर्थात अनुमान भन्दा १३.५७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

८ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९ **राजश्व असूलीः**

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्नानुसार रहेको छ । पछिल्ला बर्षहरूमा राजश्वमा बृद्धि देखिएको भएतापनि बिज्ञापन कर असूल हुने गरेको नदेखिएको, नक्सापास दस्तुर समय सान्दर्भिक नभएको देखिएको पाइयो । राजश्वको क्षेत्र तथा दायरा फराकिलो र अनुमानयोग्य बनाउनुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१० **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु.६५ करोड ५५लाख ६२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२८ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५५५९९२५४ | ३४६४५५३०.३० | ६२.३१ |
| २ | पूर्वाधार विकास | १०७३११८५० | ९०१८९०८६.५८ | ८४.० |
| ३ | सामाजिक विकास | २९४१८५९०६.३८ | २७४७३६९०६.६४ | ९३.३९ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १२५९५७१० | ६६४०८३२ | ५२.७२ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १८५८६९४४४ | १५६०६२३७६.११ | ८३.९६ |
| | **जम्मा** | **६५५५६२१६४.३८** | **५६२२७४७३१.६३** | **८५.७६** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ९३.३९ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी ६२.३१ प्रतिशत रहेको छ । अतः पालिकाले आर्थिक विकासमा जोड दिनुपर्ने देखिन्छ ।

१२ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१३ **रकमान्तर:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा २० मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले विभिन्न १९ शिर्षकमा घटाएको र २४ शिर्षकहरूमा एकमुष्ट रु. ३७४२९३५८।३८ रकमान्तर गरेको छ । यसले गर्दा कुन शिर्षकवाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

१४ **सञ्चित कोषमा स्थानान्तरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजश्व खातामा रु.१४२६२५४।- मौज्दातमा रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

१५ **दायित्व भुक्तानीः**

पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु.२६२४।देखाएको छ । यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६२४ |

१६ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०५११५४४२२।४६ | २४९८५९३१।५४ | ६.१६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.१६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७ **गत विगतको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.१२०४४९८७।-भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तथा अन्य खर्चको भुक्तानी सम्वन्धित आर्थिक बर्षमा मात्रै खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१८ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु.२३ लाख ५० हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकामा कार्यरत ६६ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.२८लाख ९२ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च

गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.१९ लाख २३ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिकाले दिवा खाजा निकासा रकमको अनुगमन गरेको छैन ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१९ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.५५६३०००।-अबण्डा बजेट व्यवस्था गरेकोमा कुनै पनि योजनामा खर्च गरेको छैन। बजेट अबण्डामा राखी खर्च गर्दा वित्तीय अनुशासन र पारदर्शिता कम हुने देखिने भएकोले अवण्डामा वजेट राख्नु जायज देखिदैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

२० **योजनाको प्राथमिकीरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १४९ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २७ | १३ | १२ | २ |
| २. | वडा स्तरीय | १२२ | ० | ७ | ११५ |
| | **जम्मा** | **१४९** | **१३** | **१९** | ११७ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र बितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १४० योजनामात्र कार्यान्वयन भई ९ योजना कार्यान्वयन हुन सकेको देखिएन । विनियोजित कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने तथा पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२१ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकासँग त्रैमासिक विवरण माग गरेकोमा उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | १७६३०६२२५.११ | ३२०५७७७ | २८१११९३२.८४ | ४४१०२१२१.५९ | १००८८७१९३.६८ | ६५४७१७७१.८८ |
| प्रतिशत | | १.५७ | १३.७९ | २१.६४ | ४९.५० | ३२.१२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१७६३०६२२५।११ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३२०५७७७।-(१.५७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२८१११९३२।८४।-(१३.७९ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.४४१०२१२१।५९(२१.६४ प्रतिशत) चौथो त्रैमासिकमा रु१००८८७१९३।६८(४९.५० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६५४७१७७१।८८।-(३२.१२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२३ **योजना तथा वजेट कार्यान्वयनः**

यस पालिकामा योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:-

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्च संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१७ करोड.६३ लाख ६ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.३२ लाख, ६ हजार(१.८२%), दोश्रो त्रैमासिकमा रु.२ करोड ८१ लाख ११ हजार(१५.९४%), तेस्रो त्रैमासिकमा रु.४ करोड ४१लाख २ हजार(२५.०१%), चौथो त्रैमासिकमा रु.१० करोड ८ लाख ८७ हजार(५७.२३%) र असार महिनामा मात्रै रु.६ करोड ५४ लाख ७१ हजार(३७.१३%) खर्च भएको देखिन्छ यसरी वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.३२ करोड ३२ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.३ करोड ७४ लाख २९ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ५.७० प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वियनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

## २४ बजेट तथा कार्यक्रम तर्जुमाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## २५ मालसामानको गुणस्तरः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

## २६ आर्थिक सहायताः

सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ मा सार्वजनिक खर्च गर्दा मितव्ययीता अपनाउनुपर्ने उल्लेख छ । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.८७८८५०।-आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## २७ कर्मचारी व्यवस्थाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका देहायका पदमा निम्नानुसार कर्मचारी नियुक्ति गरी तलव भत्ता रु.४३५५०००।-भुक्तानी गरेको पाइयो । दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलव्धिमा समेत नकारात्मक असर पर्दछ । स्वीकृत दरबन्दी बेगर पदमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु

| **पदको नाम** | **दरबन्दी भन्दा बढी पदपूर्ति** |
|---|---|
| **अ.हे.ब.** | ८ |
| अ.न.मि | ४ |
| ल्या.टे | १ |

| | |
|---|---|
| अनियमित भएको | ४३,५५,००० |

## २८ सेवाप्रवाहको स्थितिः

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ । पालिकाबाट दिईने सेवा प्रवाहमा बढोत्तरी गर्नुपर्ने देखिन्छ ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| जन्मदर्ता | ११०० | ११०० |
| मृत्युदर्ता | ३३६ | ३३६ |
| बसाईसराई दर्ता | ९६ | ३७६ |
| विवाह दर्ता | ४७२ | ४७२ |
| सम्बन्धविच्छेद दर्ता | ३६ | ३६ |

२९ **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।

• कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३० **कानुनी सल्लाहकारः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन । पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु.२५०००।-का दरले पारिश्रमिक जम्मा रु.३०००००।-भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने देखिन्छ।

३१ **ढुंगा गिट्टी विक्रीको ठेक्काः**

३१.१ ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ अनुसार स्थानीय तहहरुलाई ढुंगा गिट्टी बालुवा जस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुतसाहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट उठ्ने राजश्व संकलन व्यवस्थित रुपमा गर्न उल्लेख भएकोमा अनुसूचि १ मा चेकलिस्ट अनुसार नदिको वातावरणीय अवस्था अध्ययन तथा निरीक्षण गर्ने, २ (क)मा वातावरणीय अध्ययनको आधारमा उत्खन्न परिमाण, सेवा शुल्क र मूअकर बाहेक न्यूनतम बोलपत्र रकम खुलाई बोलपत्र आवहान गर्ने, अनुसूचि २(ख) बमोजिम मूअकर बाहेकको रकम तथा मूअकर समेत खुलाई किस्ता रकम खुलाई ठेक्का सम्झौता गर्नुपर्ने, अनुसूचि ३ अनुसार पटके प्रवेश आदेश दिनुपर्ने, अनुसूचि ४ (क )बमोजिम उत्खन्नकर्ताले दैनिक उत्खन्न अभिलेख राख्नुपर्ने, ४(ख) बमोजिम दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज राख्नु पर्ने र अनुसूचि ५ बमोजिम चेक्लिस्ट बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्ने उल्लेख छ । त्यसैगरि लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ कार्यान्वय

सम्बन्धि परिपत्रमा समेत वातावरणीय अध्ययन गर्ने, कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्दी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार गरेको पाईएन । नदिजन्य पदार्थ उत्खन्नका लागि पट्के प्रवेश आदेश लिनुपर्नेमा लिएको देखिएन । साथै दैनिक खरिद विक्री तथा उत्खन्न अभिलेख समेत राखेको पाईएन । पालिकाबाट प्रमाणित नगदी रसिद ठेली प्रयोग गर्न ठेकेदारलाई दिईएकोमा सोको अभिलेख नराखेको तथा उक्त रसिदको प्रयोग तथा ठेली मौजदात तथा सोबाट के कति विक्री गरी राजश्व उठेको सम्बन्धमा विवरण पेश नगरेकोले यथार्थमा उत्खन्न तथा विक्री भएको परिमाण सम्बन्धमा विश्वस्त हुन सकिएन । पालिकाले यस सम्बन्धमा नदि जन्य पदार्थ उत्खन्न तथा विक्री सम्बन्धि कानुनी प्रावधान तथा व्यवस्थाको पालना गरी नदी जन्य पदार्थ उत्खन्न, विक्री तथा संरक्षण सम्बन्धमा जिम्मेवार भई ध्यान दिनुपर्ने देखिन्छ ।

३१.२ **घटी परिमाणमा आय ठेक्का लगाएको :** ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ अनुसार वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको सिफारिस भएको परिमाणमा तोकिएको दर अनुसार ठेक्का व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । त्यसैगरी मापदण्डको बुदाँ नं ४(१) ८ मा प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अद्यावधिक गरी पुन: यकिन गर्नुपर्ने उल्लेख छ ।पालिकाले २०७७ भाद्रमा गराएको वातावरणीय अध्ययन प्रतिवेदनमा १० घाटको उत्खन्न गर्न सकिने परिमाण ५८०४६ घन मीटर रहेको देखिन्छ भने २०७९। ८० मा पेश भएको अद्यावधिक वातावरणीय अध्ययन प्रतिवेदनमा सो भन्दा घटी परिमाण ३०८६६.९९ घन मीटर (११४.३२ घन मीटर प्रति दिनका दरले २७० दिनको) उत्खन्न गर्न सकिने उल्लेख छ । उक्त ३०८६६.९९ घन मीटरको ३५.३१४६ घन फिटका दरले कुल १०९०२२२.०९ घन फिट उत्खन्न गर्न सकिने तथा सोही अनुसार लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ बमोजिम रु ६।-प्रति घन फिटका दरले रु ६५४१३३२।५२ मूअकर बाहेकको रकममा ठेक्का व्यस्थापन गर्नुपर्ने देखिएकोमा पालिकाले घाट संख्या समेत नघटाई वातावरणीय अध्ययन प्रतिवेदनमा तोकेअनुसारको भन्दा घटी परिमाण अर्थात २२९९८.५४३ घन मीटरको मात्र रु ६।-का दरले रु.५५०००००।-न्यूनतम बोलपत्र मूल्यांकन को मात्र सूचना आवहान गरी सोही रकमलाई मू.अ.कर सहितको उल्लेख गरी बिजय निर्माण सेवा प्रा.लि सँग ठेक्का व्यवस्थापन गरेको छ । यसरी नियममा भएको व्यवस्था विपरित प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययन वेगर यकिन नगरी रु.१०४१३३२.५२ घटी रकमको ठेक्का व्यवस्थापन गरेको नियमानुसार देखिएन । पालिकाले ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अद्यावधिक गरी पुन: यकिन गरी मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

३१.३ **अनुगमनः** ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ अनुसार उपरोक्त व्यवस्था बमोजिम उत्ख्नन्न कार्य व्यवस्थित गर्नुपर्नेमा पटके प्रवेश आदेश नलिएको , दैनिक उत्खन्न अभिलेख तथा दैनिक पटके विक्री तथा ढुवानी अभिलेख नराखेको, घाट गद्धी व्यवस्थापन नगरेको र अनुगमन समेत नभएकोमा ढुंगा गिट्टी उत्ख्नन कार्य तोकिएको परिमाण भित्र नै भएको तथा स्रोत दोहन नभएको भन्न सकिने अवस्था छैन । उपरोक्त व्यवस्थाहरुको पालना नगरी ठेक्का व्यवस्थापन गर्नु उचित देखिएन । यस सम्बन्धमा पालिकाले जिम्मेवारी लिई व्यवस्थापन तथा नियन्त्रणमा ध्यान दिनु पर्दछ ।

३२ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२५७१०९२।५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३३ **कवाडी शुल्क ठेक्काः**

यस बर्ष स्वर्गद्वारी गाउंपालिकाले कवाडी तथा मृतक जिवजन्तुको कर तथा सुल्क उठाउन सिलबन्दि दरभाउ पत्र मार्फत पहिलो पटक २०८०।।६।०८ मा न्युनतम कबोल अंक रु. ८ लाख राखि बोलपत्र आह्वान गरेकोमा कुनै पनि बोलपत्र नपरेकोले पुनः दोस्रो पटकको

सूचनामा २०८०।०७।१३ मा न्युनतम कबोल अंक रु.५ लाख राखि सिलबन्दि दरभाउ पत्र मार्फत बोलपत्र आह्वान गरेको पाइयो । दोस्रो पटकमा समेत कुनै पनि बोलपत्र नपरेको हुँदा तेस्रो पटकमा रु.२५००००।-न्युनतम कबोल अंक राख्दा तेस्रो पटकमा राजकिशोर सहानिले रु.२५०१००।-मा सकार गरेको देखियो । निजसँग २०८०।११।०२ मा रु.२५०१००।-मा सम्झौता भएता पनि सम्झौता रकमको हुन आउने मु.अ.क रु.३२५१३।-राजश्व दाखिला गरेको नपाइएकोले दाखिला प्रमाण पेश हुने, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,५१३ |

३४ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १६ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन, जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३५ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकामा अधिकृत छैठौं तहको दरवन्दि रहेकोमा लोक सेवा आयोगमा पदपूर्तिको लागि माग गरेकोमा सिफारीस नभएकोले खाली रहेकोले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

३६ **प्राविधिक बील र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३७ **खरिद कारवाही अभिलेखः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्धरुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोकेअनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

३८ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट . नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ९ वटा नियमावली, २३ कार्यविधि ५ निर्देशिका २ वटा मापदण्ड लगायतका कानुन निर्माण गरेको छ । साथै पालिकाले ४५ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

३९ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष कुल ६० विवाद दर्ता भएकोमा ४९ वटा मात्र फर्स्यौट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

४० **दरवन्दि भन्दा बढि कर्मचारीः**

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(ख) मा कसैले पनि कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाईने व्यवस्था छ । त्यस्तै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९(१) मा कर्मचारी समायोजन गर्दा समेत प्रदेश वा स्थानिय तहको सेवामा स्विकृत भएको दरवन्दी पूर्ति हुन नसकी रिक्त रहेको अवस्थामा मात्र पुल दरवन्दि कायम भएका सम्वन्धित सेवा समूहका कर्मचारी मध्येबाट निज वहाल रहेको पदसँग मिल्दोजुल्दो तहको कर्मचारीलाई काजमा खटाउन सकिने व्यवस्था छ । पालिकामा आयुर्वेद तर्फ छैठौ (क.नि) पदको दरवन्दि नरहेको अवस्थामा पनि एक जना कर्मचारी स्विकृत दरवन्दि भन्दा वाहिरको बर्षभरी काजमा रहेको विवरण पालिकाले उपलव्ध गराएको छ । यसरी ऐन नियममा व्यवस्था भएको भन्दा बढि एवं स्विकृत दरवन्दि भन्दा काजमा राखि बार्षिक रु.८८१२२१।- बढि व्ययभार पारेको देखिन्छ । यसरी पालिकाले ऐन नियमावलीको व्यवस्थाको प्रतिकूल तथा दरवन्दि भन्दा बढी कर्मचारी काजमा राखी बढी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ८,८१,२२१ |

४१ **पदाधिकारी सुविधाः**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ ।

लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यातायात सुविधा रु ३२ लाख २२ हजार, टेलिफोन तथा मोवाइल रु.१४ लाख २२ हजार, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.१४ लाख ४ हजार, समन्वय र सहजिकरणमा २३ लाख २८ हजार अतिथि सत्कारमा रु.८ लाख ४ हजार, खानेपानी तथा मर्मतमा रु.१ लाख २० हजार र चाड पर्व खर्चमा रु.४ लाख १७ हजार खर्च भुक्तानी गरेको देखियो ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | |
| २ | यातायात खर्च | १४४००० | १४४००० | १२९६००० | ५८८००० | १०५०००० | ३२२२००० |
| ३ | टेलिफोन, मोबाइल | ४८००० | ४८००० | ३२४००० | २५२००० | ७५०००० | १४२२००० |
| ४ | पुस्तक, पत्रीका,ईन्टरनेट | ६०००० | ६०००० | ४३२००० | २५२००० | ६००००० | १४०४००० |
| ५ | समन्वय तथा सहजीकरण | १५६००० | ९६००० | ७५६००० | ४२०००० | ९००००० | २३२८००० |
| ६ | अतिथि सत्कार | ८४००० | ७२००० | ६४८००० | | | ८०४००० |
| ७ | खानेपानी/बिजुल।सरसफाई | ६०००० | ६०००० | | | | १२०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | ११७००० | ७०००० | २००००० | ४१७००० |
| ९ | मर्मत / संहार | ६०००० | ६०००० | | | | १२०००० |
| | **जम्मा** | **६२७०००** | **५५५०००** | **३५७३०००** | **१५८२०००** | **३५०००००** | **९८३७०००** |

४२ **कार्य सम्पन्न प्रतिवेदनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । पालिकाले काणुनको परीपालना सम्वन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।

४३ **पाम्सको प्रयोगः**

नेपाल सरकार मन्त्रीपरीषद्को २०७७/७/२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तीको लेखाङ्कन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सवै सरकारी कार्यालयहरू एवं सवै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/७८ देखि अनिवार्य रूपमा लागू गरेको छ । पालिकाले यो आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षातर्फ खरीद गरेको औषधि, मेडिकल सामानहरु र उपकरण पालिकाको केन्द्रिय जिन्सि खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन । साथै मर्मत तर्फको सामानहरू समेत पाम्समा रेकर्ड अद्यावधिक नगरेको कारण कुन कुन सामान कुन मेशिन औजारको मर्मतमा प्रयोग भएको हो यकिन हुन सकिने अवस्था रहेन, अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

४४ **खर्च वृद्धिः**

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले व्यवस्थापकिय खर्चमा हुने कारणले वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | वृद्धिको कारण |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | १३९१२९३६ | १९४७६४५२ | थप करार भर्ना |
| २ | सल्लाहकार खर्च | ० | ३००००० | कानुनी परामर्स |
| ३ | वैंठक भत्ता | २७१७२५६ | २९१७४३० | |
| जम्मा | | १६६३०१९२ | २२६९३८८२ | |

४५ **खर्चमा मितव्ययिता कायमः**

४५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवश्यकता र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो:-

४५.२ **भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू.२०४५०००।-खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४५.३ **इन्धन खर्चः** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.२३४८०००।-र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४५.४ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.१७०००००।-खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै जानुपर्दछ ।

४५.५ **मसलन्द तथा कार्यालय सामग्री खर्चः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु.२४५३०००।-तथा अन्य कार्यालय खर्च शिर्षकमा रु.५०००००।-गरी जम्मा रु.२९५३०००।-खर्च गरेको छ । कार्यालयलाई

वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

४५.६ **सवारी मर्मत र अन्य मर्मत खर्चः** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस बर्ष मर्मत शिर्षकबाट रु.११९९०००।-र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । पालिकाले सो सम्वन्धमा ध्यान दनुपर्दछ ।

४५.७ **कन्टिन्जेन्सी खर्च अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम रु.३३४२०००।-कट्टा गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। कार्यालयले पेश गरेको विवरण अनुसार कन्टिन्जेन्सी खर्च रु.१८६४८५५।-गरेकोमा कुन कुन योजनामा कति खर्च गरेको छ यकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

४६ **बेरुजु लगतः**

नगरपालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । निम्नानुसार बेरुजु लगतका लागि स्वीकृत भएका म.ले.प फारामको व्यवस्था गरेको पाईएन ।

• म. ले. प. फाराम ८०१, बेरुजु लगत नराखेको,

• म.ले. प. फाराम ८०२, बेरुजुको कार्यालयगत प्रतिवेदन तयार नगरेको,

• म. ले. प. फाराम ८०५, सम्परीक्षण गोश्वारा अभिलेख नराखेको,

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

४७ **म.ले.प.फारामको प्रयोगः**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरेको छैन ।

• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,

• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको

अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।

४८ **वन पैदावार आय असूल नभएकोः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको

१० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

४९ **वितरणमुखी खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याङ्कन, विपरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;

| कार्यक्रमको नाम | वितरण | रकम |
|---|---|---|
| जेष्ठ नागरिक सम्मान कार्यक्रम | २१ थान ब्लाङ्केट र २१ थान झुल | ५०००० |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा २ | स्विटर ट्राउजर भुवावाला र टोपी ५४ थान क्रमशः | ५६७०० |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा ५ | ८० थान ब्लाङ्केट | ९०००० |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम | च्यानप्राश अश्रुचुर्ण १०८ वटा क्रमशः | ५९९३४ |
| महिला तथा अपाङ्ग कार्यक्रम | मच्छेड दानी झुल वितरण १७९ थान | ६४६८० |

५० **समानिकरण वजेटबाट शिक्षकको तलब भत्ताः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत कार्यक्रम भित्र मात्र सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । जसअनुसार साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमती प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका तथा विद्यार्थि संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ मा भएको व्यवस्था अनुसार कक्षा ६-८ तथा कक्षा ९-१० मा अंग्रेजी, विज्ञान र गणित बिषयको लागि समेत छुट्टै वजेट व्यवस्था गरी निकासा समेत दिईएको अवस्था छ । तर पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दि भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत शिक्षकलाई प्रा.वि.तर्फ १० जनालाई, नि.वि तर्फ ४ जनालाई र मा.वि तर्फ ७ जना शिक्षकलाई गरी बार्षिक रु.७२५३१३१।-वित्तिय समानिकरण शिर्षकबाट तलब भत्ता विद्यालयहरूको नाममा अनुदान निकासा दिएको पाईयो । यसरी स्वीकृत दरबन्दी भित्र नपरेका तथा शिक्षक विद्यार्थि अनुपात वेगर र दरवन्दि मिलान वेगर न्युन विद्यार्थि रहेको विद्यालयहरुमा समेत अनुदान खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ७२,५३,१३१.६ |

५१ **शिक्षण सहयोगः**

५१.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४० मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक

ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ । सो सम्वन्धि देखिएको विवरण निम्नानुसार छन ।

५१.२ पालिकालाई वार्षिक कार्यक्रम अनुसार विनियोजित रकम आधारभूत तह (कक्षा ६-८)मा रु.१३५४०००।-तथा माध्यमिक तह (कक्षा ९-१०)मा रु.११३६०००।-रहेकोमा सो रकमबाट विभिन्न विद्यालयहरूलाई निकासा दिएको पाईयो । पालिकाले पुनः देहायका विद्यालयहरूमा रहेका शिक्षकहरूलाई आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) शिर्षकबाट गो.भौ.४८५।०८१।३।२२ बाट रु.३५३६२३७।-निकासा खर्च जनाएको छ । यसरी शशर्त अनुदानको रकमलाई बार्षिक कार्यक्रममा नपरेको शिर्षकमा खर्च गरेको पाईएकोले उक्त रकम पालिकाबाट संघिय संचित कोष खातामा फिर्ता पठाउनुपर्ने देखिन्छ, रु.

| क्र.स | विद्यालयको नाम | सँख्या | रकम रु. |
|---|---|---|---|
| १ | ने रा मा वि कोचिवाङ | ३ | ८९१८६२ |
| २ | वाल मा वि खाल | १ | ३६९७०० |
| ३ | वाल सँस्कृत मा विधरमपानी | १ | २७८७३४ |
| ४ | सुर्योदय मावि | ३ | १०२७३७३ |
| ५ | वेलवास मावि | १ | ३६९७०० |
| ६ | जनता मा वि | १ | ३०३९१९ |
| ७ | विद्यानन्द मा वि | १ | २९४९४९ |
| | **जम्मा** | **११** | **३५३६२३७।-** |

| प्रमाण पेश नगरेको | ३५,३६,२३७ |
|---|---|

५२ **थप पाठ्यपुस्तक वितरणः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७८८,११५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५३ **दिवा खाजा:**

५३.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८० को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न २८ वटा विद्यालयहरुमा गरी जम्मा रु.१०७१२०००।-विद्यालयहरुको

खातामा निकासा दिएको पाईयो । विद्यालयहरुलाई चौमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन समेत गरी पालिकाले विद्यालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको अभिलेख प्राप्त भएन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।।

५३.२ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यार्थिको संख्यात्मक विवरण विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित नगराई केवल प्रधानाध्यापकको मागको आधारमा निकासा दिने गरेको पाईयो । पालिकाले विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई त्रैमासिक किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वियन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिने तथा सोको सदुपयोग सम्वन्धमा समेत पालिकाले ध्यान दिनु पर्दछ ।

५३.३ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विल भरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

५३.४ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२६,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२९,८७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५३.५ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ को २.७.११.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयहरुमा दिवा खाजाको निकासा दिंदा अगाडिको त्रैमासिक निकासाको खर्चको प्रमाणका साथै विद्यार्थिहरुको प्रमाणित हाँजिरी समेत पेश गर्नुपर्ने व्यवस्था अनुसार विद्यालय व्यवस्थापन समितिको अध्यक्ष्यको हस्ताक्षर विना नै पेश भएको हाँजिरी परीक्षण गर्दा देहायका विद्यालयहरुमा बर्षभरी नै १०० प्रतिशत विद्यार्थि हाँजिरी रहेको पेश गरेको आधारमा भुक्तानी दिएको छ । यसरी वालविकास देखि ५ कक्षा सम्म नै बर्षभरी शत् प्रतिशत विद्यार्थि हाँजिरी रहेको पेश गरेको पाईएकोले निज विद्यालयहरुमा अध्ययनरत विद्यार्थिहरुको हाँजिरी वास्तविक हो भनि यकिन हुनसक्ने आधार देखिएन । तपशिलका विद्यालयहरुको विद्यार्थि संख्या, हाँजिरीको अवस्था, शैक्षिक उपलव्धी र दिवा खाजाको सदुपयोगको सम्वन्धमा पालिकाले छानविन गरी थप असूल हुने देखिएमा समेत असूल गरी प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ, रु.

| क्र.स | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | पृथ्वि प्रा.वी | २४१२९० |
| २ | चन्द्रेश्वरी प्रा.वी | ४८१००० |
| | **जम्मा** | **७२२२९०** |

| | |
|---|---|
| अनियमित भएको | ७,२२,२९० |

५४ **पोशाक खर्चः**

पालिकाले देहायका शिक्षकहरूको नाममा पोशाक भत्ता डवल माग भएको र सोहि अनुसार निकासा भएको देखिन्छ । उक्त रकम सम्वन्धित विद्यालयबाट असूल हुनुपर्दछ, रु

| क्र.स | विद्यालयको नाम | शिक्षकको नाम | बढी निकासा |
|---|---|---|---|
| १ | उमा महेश्वरी मा.वि. | युवराज घर्ति मगर | १०००० |
| २ | जनता मा.वी. | अस्मिता खड्का | १०००० |
| | | **जम्मा** | **२००००।-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

५५ **प्राविधिक भत्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५६ **वालविकास कर्मचारी वितरणः**

पालिकाकाले कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० अनुसार विद्यालयको विद्यार्थि संख्याको आधारमा वालविकास कर्मचारी वितरण र समायोजन हुनुपर्ने उल्लेख छ । देहायका विद्यालयहरुमा वालविकासमा उल्लेख्य विद्यार्थि संख्या नरहेको अवस्थामा समेत वालविकास कर्मचारी संख्या बढि वितरण गरेको र पारीश्रमिक भुक्तानी समेत भएको छ । यसरी भुक्तानी दिंदा आवश्यक विद्यालयहरुमा वालविकास कर्मचारी नपुग हुने र देहाय अनुसारको विद्यार्थि कम भएकोमा बढि हुने अवस्था देखियो । अतः आवश्यकता र विद्यार्थि संख्याको आधारमा वालविकास कर्मचारी वितरण हुनुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ५६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५७ **विद्यार्थि मूल्याङ्कन तथा ग्रेड निर्धारणः**

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी विद्यालय तहको मूल्याङ्कन र प्रमाणीकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनियता कायम गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ तयार गरी लागु गरेकोमा विद्यालय शिक्षाको उपलव्धीलई विभिन्न ८ प्रकारमा स्तरीकृत गरेको छ । सो निर्देशिका अनुसार ३५ प्रतिशत भन्दा कम उपलव्धी हाँसिल गरेको विद्यार्थिलाई स्तरीकरण गर्न नमिल्ने उल्लेख छ । पालिकासँग शैक्षिक सत्र २०८० को कक्षा ८ को परीक्षाको प्रतिफल माग गरी परीक्षण गर्दा ६९६ विद्यार्थि मध्ये देहायका विद्यार्थिहरूलाई मात्र ग्रेड बृद्धि गरेको र अन्य विद्यार्थिहरुलाई ग्रेड बृद्धि नगरि सोहि कक्षामा राखेको देखियो । यसरी हेर्दा कक्षा ८ को औषतमा ५२.८५% विद्यार्थीको

परीक्षाको प्रतिफल निराशाजनक रहेको देखियो भने अन्य कक्षाको समेत उल्लेख्य नतिजा देखिएन । पालिकाले मातहतका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमको साथै पठनपाठनमा विषेश पहल गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ५७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५८ **सेनीटरी प्याड खरीदः**

५८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालीकाले नियमावलीको व्यवस्था अनुसारको लागत अनुमान तयार गरी खरीद गर्नुपर्नेमा लागत अनुमान समेत तयार नगरी दरभाउपत्रको माधयमबाट कम कवोल जनाई अम्वे मेडिसिल्सबाट प्रति प्याडरु.६५।९३ का दरले १३४२२ प्याडको गो.भौ.४१७। ०८१।३।१७ बाट रु.९९९७९९।-भुक्तानि दिएको छ । पालिकाले लागत अनुमान वेगर खरीद गर्दा सोहि प्याडको प्रतिश्पर्धा कम हुने तथा गुणस्तर समेत नहुने देखिन्छ । यसरी स्यानिटरी प्याड कार्यविधीले तोकेभन्दा फरक स्पेशिफीकेसनमा खरीद रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ९,९९,७९९ |

५८.२ पालीकाले नियमावली तथा कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को व्यवस्था अनुसार लागत अनुमान तयार गरी गुणस्तर सहितको सेनीटरी प्याड विद्यार्थिहरुलाई उपलव्ध गराउनुपर्ने देखिन्छ । तर पालिकाले खरीद गरेको उल्लेखित १३४२२ सेनिटरी प्याड जिन्सि खातामा आम्दानी जनाएको तथा बर्षान्तमा विद्यालयलाई बुझाएको जनाएकोमा सो सामाग्री विद्यालय जिन्सी खातामा दाखिला छ छैन सोको प्रमाण पेश भएको छैन । बार्षिक रूपमा विनियिजित रकम सोहि आर्थिक बर्षको लागि हुनेमा पालिकाले बर्षान्तमा सामान खरीद गरी विद्यालयमा हस्तान्तरण गरेको जनाएकोमा विद्यालयमा सोहि गुणस्तर कायम राख्ने गरी विद्यालयले व्यवस्थापन गर्न सक्ने नसक्नेमा आश्वस्त हुन सकिएन । अतः पालिकाले सम्वन्धित लक्षितवर्गलाई सुविधा उपभोग गर्नेगरी खरीद तथा व्यवस्थापन हुनुपर्दछ ।

५८.३ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.२३ मा स्यानिटरी प्याड खरीद सम्वन्धि व्यवस्था छ । जसअनुसार पालिकाले कक्षा ६ सम्म तथा आवश्यकता अनुसार सो कक्षा भन्दा तल्लो कक्षामा समेत कक्षा ६-१२ को छात्राको तथ्याङ्क अद्यावधिक गर्ने र निजको लागि १० महिनाको आवश्यक प्याड निर्धारीत मापदण्डको खरीद गर्ने उल्लेख छ । यसरी खरिद गर्दा रकम वचत भएको अवस्थामा पालिकाले विद्यालयमा प्याड डिस्पोजल मेशिन नभएमा एक पटकको लागि खरीद गरी वितरण गर्न सकिने उल्लेख छ । पालिकाले सेनीटरी प्याड खरीदको लागि प्रकृयाको थालनी नै नगर्दै लागत अनुमान वेगर सेनिटरी भेण्डिङ्ग मेशिन १० वटा, सेनीटरी प्याड डिस्पोजल मेशिन १० वटा खरीद गरी गो.भौ.७९।०८०।८।२९ बाट रु.९८४७९३।७५ को खरीद गरेको छ । त्यसैगरी पुनः डिस्पोजल मेशिन ५ वटा खरीद गरी गो.भौ.४२१।०८१।३।१८ बाट रु.२७३०००।-खर्च लेखेको छ । यसरी दुई पटक खरीद गर्दा रु.१२५७७९३।७५ खर्च गरेकोमा सोको लागत अनुमान तयार गरी शिलवन्दि दरभाउपत्रको माध्यमबाट गर्नुपर्नेमा प्रतिशपर्धा छल्ने गरी पटक पटक दरभाउपत्रको माधयमबाट खरीद गरेको तथा मंशिरमा खरीद गरेको सामान समेत २०८१ भाद्रमा सम्वन्धित विद्यालयलाई हस्तान्तरण गरेको प्रमाण पेश गरेको छ । यसरी आवश्यकताको पहिचान नगरी खरीदमा प्रतिश्पर्धा सिमित हुनेगरी खर्च गरेको रकम रु.१२५७७९३।७५ नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | १२,५७,७९३.७५ |

५९ **शिक्षकको तलब भत्ता निकासाः**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ।

क) श्री शिवशक्ती प्रा.वी.मदनपुर भिङ्ग्रीमा चौंथो त्रैमासिक निकासा दिंदा रु.३००१६२।–निकासा दिनुपर्नेमा पालिकाले रु.३२०१६२।–निकासा दिएको पाईयो । यसरी निकासा दिनुपर्ने भन्दा रु.२००००।– निकासा दिएको रकम सम्वन्धित विद्यालयबाट असूल हुनुपर्दछ, रु.

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,१४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

६० **राष्ट्रिय शिक्षा नीतिको पालनाः**

६०.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

• सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।

• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

• अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।

• प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

६०.२ पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

६०.३ राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् ।

• निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।

• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

• निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।

• शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको छैन ।

• अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

६१ **विद्यालयलाई पुस्तकालय व्यवस्थापनः**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं ९.६ मा विद्यालयलाई लाईव्रेरी व्यवस्थापनको लागि विद्यार्थि संख्या उच्च रहेका, विगत बर्षहरुमा अनुदान नपाएका, पुस्तकालय व्यवस्थापनको लागि आवश्यक कक्षाकोठा र भौतिक पूर्वाधार रहेका र पुस्तकालय नरहेका तथा कक्षा ११-१२ मा जिव विज्ञान, रसायन विज्ञान र भौतिक विज्ञान अध्यापन गराउने माध्यमिक विद्यालयलाई प्राथमिकतामा राखि आवश्यकता अनुसार आधारभूत विद्यालयहरुलाई समेत एकमुष्ठ रु.६५००००।-निकासा दिने व्यवस्था छ । यसरी

छनौट भएका विद्यालयले आवश्यक सामान खरीद गर्दा नमूना विद्यालय संचालन निर्देशिका, २०७४ र सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा एक विद्यालयलाई कार्यक्रम विनियोजन भएकोमा यस प्रयोजनमा गो.भौ.१६२।०८०।१०।२८ बाट रु.६५००००।-निकासा दिएकोमा सो छनौटको स्पष्ट आधार देखिएन । साथै सो कार्य गर्दा विद्यालयले सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्नेमा सो अनुसार गरे नगरेको स्पष्ट नभएको र विद्यालय जिन्सी खातामा दाखिला भए नभएको समेत अधिकांसको प्रमाण पेश हुन आएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको सूचकको आधारमा निर्णय प्रकृया गरेको प्रमाण, स्पेशिफिकेसन तथा सम्झौता वमोजीमको कार्य भएको र सदुपयोगको सुनिश्चितता सम्वन्धमा पालिकस्तरीय अनुगमन समितिबाट अनुगमनको प्रमाण पेश हुनुपर्ने, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

६२ **सिकाई सहजिकरणः**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४२ मा स्थानिय तहमा कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रमको व्यवस्था छ । पालिकाले स्थानिय तह भित्र अध्ययनरत विद्यार्थिहरु सञ्चार माध्यम तथा ईन्टरनेट सुविधाको पहुँच नभएका वालबालिकाको तथ्याङ्क यकिन गरी त्यस प्रकारको विद्यार्थिहरुको सिकाई निरन्तरताको लागि केन्द्रबाट विकास भएका तथा स्विकृत पाठ्यसामाग्री छपाई गरी वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष विनियोजित रकमबाट स्विकृत पाठ्यसामाग्री खरीद गरेर वितरण नगरी तथा सो सँग सम्वन्धित तालिम संचालन नगरी आयात ट्रेडर्सबाट १३ थान प्रिन्टर खरीद गरी विभीन्न विद्यालयहरूलाई वितरण गरेको जनाई गो.भौ.३२१।०८१।२।३० बाट रु.४९७२५०।-भुक्तानी खर्च लेखेको छ । पालिकाले कोभिडको-१९ बाट पुगेको क्षति परीपुरण शिर्षकबाट निर्देशिकाले तोकेअनुसारको कार्य गर्नुपर्नेमा आर्थिक बर्षको अन्त्यमा लागत अनुमान समेत तयार नगरी प्रिन्टरहरू खरीद गरी वितरण गरेको मात्र पाईयो । कार्यक्रम कार्यान्वयन पुस्तिकाको उदेश्य भन्दा वाहिर गरेको खर्चले उदेश्य प्राप्ति नहुने देखिएकोले यस्तो खर्च नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९७,२५० |

६३ **सामाजिक सुरक्षाः**

६३.१ सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रु.१२५१४१३०६।-खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:-

६३.२ **एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

६३.३ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ । त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

६३.४ **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाको प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३० र ४५ बमोजिम फ्रिज तथा फिर्ता नहुने भनी तोकेको बजेट उपशिर्षक बाहेकको बाँकी बजेट निकासा रकम फिर्ता गर्नु पर्ने व्यवस्था रहेको ।

६३.५ यस कार्यालयको सामाजिक सुरक्षा तथा संरक्षण तर्फको प्रथम र द्विितिय त्रैमासिक सामाजिक सुरक्षा भत्ता बितरण पश्चात बचत हुन गएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल खाता कोषमा फिर्ता भएको देखिएता पनि तेस्रो र चौथो किस्ताको सामाजिक सुरक्षा भत्ता बितरण भई बाँकी रहेको बास्तबिक रकम कार्यालयको बिवरणमा एकिन हुन सकेन । आगामी दिनमा कार्यालयले हिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण पश्चात आगामी त्रैमासिकको लागि रकम निकाशा माग गर्दा अघिल्लो त्रैमासिकमा बचत हुन गएको वास्तविक रकम को.ले.नि.का. एकलखाता कोषमा फिर्ता गरेर मात्र निकाशा माग गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

६४ **पदाधिकारी सुविधामा बढी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६५ **पदाधिकारी यातायात सुविधाः**

लुम्विनी प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकिकरण गर्न वनेको ऐन, २०७६ को दफा ४(२) मा स्थानीय तहले सवारी साधन उपलव्ध नगराएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसूची बमोजिम यातायात खर्च पाउने व्यवस्था छ। पालिकामा लु.१ झ. ३९७ नम्वरको गाडी रहेको र सो को प्रयोग नगर प्रमुखवाट नै हुने भए तापनि नगर प्रमुख श्री टेक प्रसाद भण्डारीले अनुसूची बमोजिमको मासिक रु.१२०००।-का दरले रु.१४४०००।- यातायात खर्च वुझिलिएको देखियो। यसरी सवारी साधन उपलव्ध भएको अवस्थामा पदाधिकारीले यातायात खर्च लिनु नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४४,००० |

६६ **यन्त्र उपकरण सञ्चालनः**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने आय प्राप्त हुन सकेको अवस्था छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १. | जे.सि.वि | ११३३४१२ | ४२७१९७ | १८७१२३ | ०.०० | १७४७७३२ | ०.०० |

६७ **राजश्व ढिला दाखिलाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा २७ बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८ (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था छ ।यस गाउँपालिकाका वडा कार्यालयहरुमा संकलन भएको राजस्व भौगोलिक हिसाबले तोकिएको समयमा दाखिला गर्न नसक्ने अवस्था रहेको कारणले राजस्व समयमा दाखिला भएको देखिदैन । तसर्थ पालिकाले वडा कार्यालयमा संकलित राजस्व समयमा दाखिल गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ६७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६८ **वन पैदावार आय असूल नभएकोः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

६९ **समायोजन ग्रेडः**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५ मिति २०७९।२।५ को बमोजिम समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समयोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भइ गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केल मात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकम भन्दा कम भएमा प्रचलित कानूनबमोजिम उपलब्ध गराउने उल्लेख छ । पालिकाका स्वास्थ्य तर्फका देहायअनुसारका कर्मचारीलाई समायोजन ग्रेड भुक्तानी गर्दै आएकोमा स्तरवृद्धि भए पश्चात पनि समायोजन ग्रेड (संचयकोष थप समेत) भुक्तानी भएको छ । स्तरवृद्धि पश्चात भुक्तानी भएको समायोजन ग्रेड असुल हुनुपर्ने रु.

| क्र.सं. | पद | कर्मचारीको नाम।थर | ग्रेड | ग्रेड दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | सि.अ.हे.व. | श्रीबासुदेव जैसी | २ | ११५७ | ३२८५९ |
| २ | सि.अ.हे.व. | श्रीकल्पना थारु | २ | ११५७ | ३२८५९ |
| ३ | सि.अ.हे.व. | श्री भगवतापाण्डे | २ | ११५७ | ३२८५९ |
| ४ | ज.स्वा.नि. | श्री आशिषश्रेष्ठ | २ | १४५६ | ३८४३८ |
| | | | | **जम्मा** | **१३७०१५।-** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३८,४३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३८,४३८**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१८,९०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,२१७ |

७१ **मातृ तथा नवशिशु कार्यक्रमः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा तोकिएको शिर्षकमा मात्र वजेट खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम अन्तर्गत विनियोजित वजेट रु.२३९२०००।-मध्येबाट बर्षान्तमा आएर विभिन्न सामानहरू लागत अनुमान समेत तयार नगरी दरभाउपत्रको माध्यमबाट खरीद गरेको जनाई गो.भौ.३३५।०८१।२।३२ बाट रु.७७३४६८।-प्रकाश मेडिसिन स्टोर्सलाई भुक्तानी दिएको छ । यसरी खरीद गर्दा पालिकाले विभिन्न तिन फर्मबाट २०८१।२।१४ मा दरभाउपत्र माग गरेकोमा २०८१।२।१७, १८ र २० गते तिन फर्मको दरभाउपत्र पेश भएकोमा अन्य सवै विवरण कम्प्युटराईज्ड रहेकोमा तिनै वटा फर्मको मिति हातले लेखेको तथा एउटै हस्ताक्षर समेत भएको देखियो । पालिकाले खरिद नियमावलीको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७२ **स्थानिय भत्ताः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२)मा उपदफा १को अधिनमा रहि स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानिय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । नेपाल सरकार अर्थमन्त्रालयको परीपत्र अनुसार कार्यरत कर्मचारी स्थानिय भत्ता पाउने स्थानबाट नपाउने स्थानमा काजमा गएमा, तलवि वा वेतलवि अध्ययन विदामा बसेमा स्थानिय भत्ता नपाउने व्यवस्था छ । तर पालिकाले स्वास्थ्य अ.न.मि.जुनु पौडेल २०८०।४।१ देखि २०८१।१।५ सम्म तुलसीपुर उपमहानगरपालिका दाङ्ग मा काजमा रहेको र तत् पश्चात् तलवि अध्ययन विदामा रहेकोमा निजलाई तुलसीपुर उपमहानगरपालिका दाङ्गमा काजमा रहेको अवधीको स्थानिय भत्ता रु.४०५७२।–समेत भुक्तानी दिएको देखियो । यसरी सम्वन्धित स्थानिय क्षेत्रमा कार्यरत रहेको अवस्थामा मात्रै सुविधा उपभोग गर्न पाउने भत्ता विदा अवधीमा समेत भुक्तानी गर्दा खर्चमा बृद्धि भकोले सो रकम सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,५७२ |

७३ **औषधी खरीदः**

७३.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष खरीद गर्ने औषधिको लागत अनुमान वनाउँदा गत आर्थिक बर्षको खरीद मूल्यलाई आधार बनाई लागत अनुमान वनाएको बताएको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्रिम्नानुसार छनः

७३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले संघिय तथा पालिका वजेटबाट गरी रु.२५८३०८१।-को औषधी खरीद गरेको छ । पालिकाले बर्षभरीलाई आवश्यक

औषधीको पूर्वानुमान गरी वोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने देखिएकोमा लागत अनुमान समेत नबनाई पटक पटक दरभाउपत्रको माध्यमबाट हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा.लीबाट खरीद गरी गो.भौ.१०१।०८०।९।२० बाट रु. ५९५८५६।- तथा बर्षान्तमा पुनः गो.भौ.९४२।०८०।३।१३, ४०२।२०८०।०३।१३, ४६८।२०८०।३।१३ बाट गरी रु.१९८७२२५।-को केवलेश्वर मेडिसिल्स काठमाण्डौबाट खरीद गरी जम्मा रु.२५८३०८१।-को खरीद गरेको छ । पालिकाले वोलपत्र गरी आईटमवाईज घटि कवोलवालाबाट खरीद गर्नुपर्नेमा प्रतिश्पर्धा कम हुने र गुणस्तर एवं मितव्ययी समेत नहुने गरी भएको यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | २५,८३,०८१ |

७३.३ यस सम्बन्धि अन्य व्यहोरा देहाय बमोजिम पाइयो:-

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच गरेको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।

• औषधि भण्डारण गर्दा सामानको व्याज र म्यादको आधारमा सामान राखि सोही अनुसार ELMIS मा सामान राखेको ठाउ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने।

• औषधि निकासाको लागि FIFO Method प्रणाली अपनाएको देखिएन ।

• औषधिको आवश्यक्ता निर्धारिण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने नसकेको ।

• स्टोरमा औषधि भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषिध रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नु पर्ने तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको हुनु पर्दछ । खरिद भएका औषधिहरुको दाखिला गरी माग अनुसार वितरण गर्नु पर्नेमा सबै निकासा जनाएको तर अभिलेख राखेको छैन। पालिकाबाट औषधि खरिद गरेको कुनै पनि विलमा औषधिको ब्याच र म्याद उल्लेख नभएको तथा र स्टोरमा उक्त औषधि सम्बन्धमा यकिन हुन नसकिएकोले औषिध खरिद भएको, रूजु भएको र संस्थामा निकासा भएको अभिलेख, खर्च र मौज्दात विवरण सहित प्रमाण पेश गर्नुपर्दछ ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७४ **स्वास्थ्य बीमा कार्यक्रमः**

स्वर्गद्वारी नगरपालिका भित्र बसोबास गर्ने जनसमुदायको आधारभूत स्वास्थ्यमा सहज र सुलभ पहुँच अभिबृद्धि गर्न तर्जुमा भएको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ६ अनुसार स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुनका लागि पालिकाले यस बर्ष १७ जनालाई रु. ३५००।- को दरले रु. ५९५००।- आर्थिक सहुलियत उपलब्ध गराएको छ। आन्तरीक श्रोतलाई मध्यनजर गरी यस्ता खर्चहरुलाई नियन्त्रण गर्दै जानु पर्दछ।

७५ **अन्य संस्थाको खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार स्थानिय तहको बजेट तर्जुमा गर्दा स्थानीय तहको कार्यक्षेत्र भित्र पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले स्थानिय तहको कार्यक्षेत्र भन्दा बाहिरका देहाय बमोजिमका संस्थाका विभिन्न प्रयोजन तथा सहायका लागि खर्च लेखेको पाईयो । स्थानिय सरकारको स्रोत अन्य तहका निकायहरुका लागी खर्च गरिने तथा नाफामुलक संस्थाका लागि खर्च गर्ने कार्यले स्थानिय योजना र विकासका लागी स्रोत अभाव हुने देखिन्छ । पालिकाले विभिन्न संस्थालाई सहायता वापत खर्च गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्दै स्थानिय विकासमा प्राथिमकताका आधारमा बजेट बिनियोजन गर्नुपर्दछ ।

| गो.भौ.नं. | भुक्तानि पाउने | रकम |
|---|---|---|
| ११२७।२०८१।३।२२ | नेपाली कांग्रेस क्षेत्रिय कार्य समिति | १०००० |
| ८६२।२०८१।३।०४ | नेपाल लोकतन्त्र बादी आदीबासी महासंघ | २०००० |
| ५१।२०८०।६।११ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विध्यार्थी युनियन | १०००० |
| ७२८।२०८१।२।०३ | रात्ति साहित्य परिषद | १०००० |
| ८४१।२०८१।२।३१ | नेपाल निजामाति कर्मचारि युनियन | १४००० |
| ९४७।२०८१।३।१३ | नेपाल कम्युनिष्ठ पार्टी एमाले | २०००० |
| १००६।२०८१।३।१९ | अखिल नेपाल जनजाति सम्मेलन | १५००० |
| १००६।२०८१।३।१९ | राष्ट्रिय जनमोर्चा जिल्ला समिति प्युठान | ५०००० |
| ११४६६।२०८१।३।२३ | कर्मचारी मिलन केन्द्र | १०००० |

७६ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ८ बर्थिङ सेन्टरमा गत वर्ष ४५० थानको रु.१४६।-खरिद गरेकोमा गत वर्ष ३१२ जना र यस वर्ष २६८ जना गरी प्रसुति भएको अभिलेखबाट देखिन्छ । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्ने तथा लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

७७ **संचालन नभएका कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको प्रगति विवरण तयार गरि कार्यक्रम गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष प्राप्त शशर्त वजेट मध्ये देहाय लगायतको कार्यक्रमहरु नगरी वजेट रकम फ्रिज गरेको छ । सो सम्वन्धमा पालिकाले कारण उल्लेख गरेको छैन । यसरी बार्षिक रुपमा विनियोजित रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलब्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| **सि.नं** | **कार्यक्रम** | **रकम रु.** |
|---|---|---|
| १ | उन्नत बीउ वितरकलाई प्रोत्साहन अनुदान | १५०००० ।- |
| २ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान,गहुँ) | ६७६००० ।- |
| ३ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | ४०४००० ।- |
| ४ | कक्षा १० र कक्षा १२ मा विपन्न लक्षित छात्रवृत्ती | २५५००० ।- |
| ५ | पोषण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | १५०००० ।- |
| ६ | पोषण सुधारको लागि विपन्न समूदायका महिला समूह वा सहकारीहरूलाई विपन्न सदस्यहरूको आयआर्जन सुधार कार्यक्रमको गर्न अनुदान | ६००००० ।- |
| ७ | किसान सूचीकरण कार्यक्रम | २४९००० ।- |
| ८ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | ४४१००० ।- |

७८ **उपभोक्ता समितिको खातामा भुक्तानी नगरेकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई आँफुले गरेको निर्माण कार्य वा सेवाको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य भएको मध्ये रु.१ लाख भन्दा कम रकमको कार्य गरेका उपभोक्ता समितिलाई खर्चको भुक्तानी गर्दा उपभोक्ता समितिको खातामा भुक्तानी नगरी व्यक्तिको (उपभोक्ता समितिको पदाधिकारि) नाममा भुक्तानी गरेको पाईयो। पालिकाले सो कार्यको भुक्तानी दिंदा उपभोक्ता समितिको खातामा EFT मार्फत रकम भुक्तानि गर्नु पर्नेमा व्यक्तिको खातामा रकम भुक्तानी भएको छ । उपभोक्ता समिति मार्फत भएको कार्यको उपभोक्ता समितिको खातामा भुक्तानी नगरी व्यक्ति (उपभोक्ता समितिको पदाधिकारि)को नाममा भुक्तानी गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयनमा असर परेको छ । उपभोक्ता समितिलाई दिइएको कामको रकम भुक्तानी गर्दा उपभोक्ता समितको बैंक खातामा रकम जम्मा गरी आर्थिक कार्य प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउनु पर्दछ । केही फाईलहरु नमुनाको रुपमा छनोट गरि हेर्दा देखिएका विवरण निम्नानुसार छन ।

| सि.नं. | भौ.नं. | उपभोक्ता/कार्य | भुक्तानी पाउने व्यक्ति | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १५।२०८०।८।१७ | प्रेत मुक्त गृह निर्माण | सविन के.सि.( अध्यक्ष) | ९४०३६ |
| २ | १४६।२०८१।१।२ | लापे मन्दिर मर्मत | पूर्ण बहादुर बुढा मगर (अध्यक्ष) | ७७६०० |
| ३ | ११६।२०८०।११।३ | अनिखर्क खानेपानी इनटेक | भगवती खत्री( अध्यक्ष) | ९७००० |
| ४ | ८०।२०८०।११।३ | मैटार पक्की बाटो निर्माण | तारादेवी पुन(सचिव) | ९७००० |
| ५ | १६७।२०८१।०१।२६ | भचेनी खानेपानी योजना | खेमराज बुढामगर(अध्यक्ष) | ९७००० |
| ६ | ४४।२०८०।१०।८ | टुलेपानी खानेपानी योजना | शोभाराम सुनार ( अध्यक्ष) | ७४२५० |
| ७ | १५८।२०८१।०१।२१ | रातामाटा देखि बर्रा घाट गोरेटो बाटो | शोभाराम पुन मगर ( अध्यक्ष) | ९७००० |
| ८ | ११७।२०८०।१२।०१ | देउराली देखि लामिघारा जाने मोटर बाटो | हिमाल रोका( अध्यक्ष) | ९७००० |
| ९ | ९५।२०८०।११।४ | झमारी खानेपानी मर्ममत योजना | धर्मराज सुनार(अध्यक्ष) | ७२७५० |

७९ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

८० **उपभोक्ता समिति मार्फत कार्यः**

८०.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

८०.२ कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्वावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको ११५ वटा उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु ४१ लाख ७८ हजार भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

८०.३

**भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

८०.४ **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वियन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

८०.५ **कामको नापजाचः** कतिपय योजनाको नापी कितावमा प्राविधिक कर्मचारी तथा स्वीकृत गर्नेको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो ।

८०.६ बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

८०.७ **अनुगमन समितिः** उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको बिवरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

८०.८ **म्यादथपः** पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

८०.९

**आयोजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुंदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वियन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

८०.१० **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

८१ **अनुत्पादक खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वियन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;

| गो.भौ.न | कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|
| ८५।२०८०।११।०३ | सहिद परिवार सम्मान कार्यक्रम | १४९९९९ |
| ३५४।२०८०।१०।१० | ज्येष्ठ नागरिक दिवस | ५०००० |
| १९१।२०८०।०८।०६ | अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस | ५०००० |
| ७४३र८९४ २०८०।०३।०९ | हेलो मेयर कार्यक्रम | १५६००० |
| ४९९।२०८०।११।०४ | वडास्तरिय दलित संजाल गठन | ९७००० |
| ६२३।२०८१।१।२ | राष्ट्रिय मगर दिवस | ७८२८५ |
| १५१।२०८०।७।१५ | तिज गित | ४०००० |

८२ **ल्याब व्यवस्थापनः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले Digital Library व्यवस्थापनको लागि सबै विद्यालयमा एकै प्रकृतिको सामान खरिद गर्न स्पेशिफिकेसन तयार गरी सबै विद्यालयहरुलाई २०७९।९।२७ को निर्णय अनुसार परिपत्र गरेको छ । पालिकाले विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण अन्तर्गत नेपाल राष्ट्रिय आवासिय विद्यालय स्यानिलेकलाई ICT ल्यावको लागि गो.भौ.४।०८०।६।१७ बाट रु.६४९७३०।८५ निकासा दिएको छ । तर विद्यालयले पेश गरेको संलग्न कागजातको परीक्षण गर्दा खरिद गरिएका सामाग्री गुणस्तर युक्त भए नभएको र केन्द्रले तोकिएको स्पेशिफिकेसन बमोजिम सामानहरू खरिद भए नभएकोले नियमसम्मत नदेखिएको रकम, रू.

| क्र.सं | सामान | संख्या | रकम |
|---|---|---|---|
| १ | Digital video content library with MIS software | १ | १२२२६० |
| २ | Educational AVR system with Digital content server(ISO certified) | १ | ३५१००० |
| ३ | All in One Computer, | १ | ८५००० |
| ४ | Multi Functional Printer | १ | ३६००० |
| ५ | Trolley Stand with Locking | १ | ३५००० |
| ६ | Networking and Electrical Wiring | १ | २०४७० |
| **जम्मा** | | | **६४९७३०।-** |

| | |
|---|---|
| अनियमित भएको | ६,४९,७३० |

८३ **हेभी इक्विपमेण्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| भौ.नं. | उपभोक्ता समिति | प्रयोग उपकरण | निर्माण व्यावसायि | बिल रकम रु | सम्झौता रु. | कार्यसम्पन्न रु. | कुल खर्च |
|---|---|---|---|---|---|---|---|
| २२ २०८०।८। २७ | वेओरे देखि भाक्रे जोड्ने मो.बा | जे.सि.भि | सफल प्रकृति नि.से. | १९४०३६ | २२८९३६। ४३ | २२५७२३। ३० | १९४०३६ |
| २६ २०८०।९।१ | ३नं.वडामा ट्र्याक खन्ने मो.बा | जे.सि.भि | रुद्राक्ष लाङ्गालि नि.से.प्रा | २२२३६९ | २८२९३०.०८ | २८३२८२.३६ | २३७६०० |
| १६ २०८०।८। १३ | ७ नं.वडा स्तरिय मो.बा. | जे.सि.भि | सफल प्रकृति नि.से. | २४२८९३ | २८७८७९। ९४ | २८८७३२। २५ | २४२८९३ |
| १३ २०८१।२।७ | भालुखोला देखि कोचिवाङ | जे.सि.भि | स्वर्गद्वारि महाप्रभु विल्डर्स | २९९२७६ | ३९९७३२ | ३९८१८९। ७६ | ३३८१८२ |
| २१५ २०८०।३।६ | गरुम्प ठुल्धारा मो.बा | जे.सि.भि | विजय निर्माण सेवा | १९८३१५ | २२६५७१.३८ | २३१०३४। ३७ | १९४००० |
| १५० २०८१।१।२ | सिस्नेरी घडेरीखोला वासिना बा.नि | जे.सि.भि | स्वर्गद्वारि महाप्रभु विल्डर्स | २९९३९० | ४६०४९५। २१ | ४६१७३९ | ३८८००० |
| २१६ २०८०।३।६ | उपल्लो नल्सि राउतापाटा-पानीपाटा | जे.सि.भि | स्वर्गद्वारि महाप्रभु विल्डर्स | २९१००० | ३४३६८७ | ३४५०१४ | २९१००० |
| १५५ २०८१।१। १७ | १ न वडा भित्रको मो.बा निर्माण | जे.सि.भि | स्वर्गद्वारि महाप्रभु विल्डर्स | ४८१८१० | ५७१८९४ | ५६८१३१ | ४८१८१० |
| १८३ २०८०।२। १४ | काभ्रेखोला देखि मिर्सङ्ग जोड्ने मो बा | जे.सि.भि | स्वर्गद्वारि महाप्रभु विल्डर्स | ६७८६३१ | ८००२३८ | ७९९६७८ | ६७८६३१ |

८४ **पेश्की माथि पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ मा पेश्कि माथि पेश्कि दिन नहुने उल्लेख छ । पालिकाले देहायका पदाधिकारीलाई एक कामको लागि दिईएको पेश्कि रकम फछ्यौंट नगरी पुनः पेश्कि दिने गरेको पाईयो । समयमा कार्यसम्पन्न नगरी पेश्कि माथि पेश्कि दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो भौ नं र मिति | पदाधिकारी | कार्यक्रम | रकम |
|---|---|---|---|
| ५३७।२०८०।११।२४ | निमा डांगी | अन्तराष्ट्रिय नारी दिवस | ८०००० |
| ५३९।२०८०।११।२४ | निमा डांगी | परम्परागत कला संस्कृति जगेर्ना कार्यक्रम | १७०००० |
| ५३९।२०८०।११।२४ | निमा डांगी | कार्यक्रम खर्च | १५०००० |
| ५३७।२०८०।११।२५ | निमा डांगी | दलित संजाल गठन तथा अभिमुखिकरण | ४५००० |

८५ **पकेट विकासः**

८५.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद-४ को ४.१.४ मा पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि

९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । त्यस्तै पकेट निरन्तरताको लागि गतवर्ष पकेट कार्यक्रम प्राप्त गरेका कृषक समुहहरूलाई सूचना जारी गरी प्राप्त प्रस्ताव तथा निवेदनको आधारमा एवं गत बर्षको उपलव्धी र स्रोतको सदुपयोग समेतको आधारमा सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । पालिकालाई यस बर्षको विनियोजित वजेट अनुसार आ.व.२०८०।८१ मा आलु वाली निरन्तरताको लागि वजेट विनियोजन रु.६०००००।-विनियोजन भएको पाईयो । पालिकाले सम्झौताको लागि कृषकहरूलाई सूचना आव्हान गरेको जनाई दुई फर्म तथा समुहलाई रकम निकासा दिएको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन।

८५.२ पालिकाले सहयात्रा कृषक समुहलाई सम्झौता वमोजिमको कार्य सम्पन्न गरेको जनाई पेश गरेको कागजात अनुसार गो.भौ.१४१।०८०।९।२४ बाट रु.३०००००।-भुक्तानी तथा दुर्गामाता महिला वचत तथा ऋण सहकारी ली.लाई गो.भौ.१४४।०८०।९।२४ बाट रु.३०००००।-भुक्तानी दिएकोमा विभिन्न सामाग्रीहरू खरीद गरेको जनाई विल भरपाई पेश गरेको छ । तर सो समुहहरूले प्रस्तावनामा तथा वितरण कार्य गर्दा समेत सो खरीद सामाग्री क-कसलाई यस बर्ष वितरण गर्ने र क-कसलाई आगामी बर्षको निरन्तरता बजेटबाट दिने हो सो सम्वन्धमा निर्णय गर्ने गरेको छैन । पालिकाले आलु खेति लगायतको कार्यको लागि समयमा नै सम्झौता गराई अनुदान रकम निकासा दिनुपर्नेमा अनुकूल सिजनमा कार्य गरे गराएको देखिएन सो तर्फ सरोकार पक्ष सजग हुनुपर्ने देखिन्छ। साथै पालिकाले अनुदान रकमको सहि सदुपयोग र समुह भित्रको पारदर्शिता सम्वन्धमा समेत अनुगमन गर्नुपर्ने देखिन्छ ।

८५.३ पालिकाले उल्लेखित कृषक समुहलाई सम्झौता वमोजिमको कार्य सम्पन्न गरेको जनाई पेश गरेको कागजात अनुसार रकम भुक्तानी दिएको छ । तर पालिकाले ढुवानी भाडा सम्वन्धमा परियोजना कार्यान्वयन म्यानुअलमा स्पष्ट कानूनी व्यवस्था नरहेकोमा दुवै समुहलाई शत प्रतिशत ढुवानी पालिकाले व्यहोरेको पाईयो । पालिकाले ढुवानी भाडा समेत पचास प्रतिशत अनुदानसम्म दिनुपर्नेमा शतप्रतिशत नै दिएको पाइएकोले बढी भुक्तानी रकम रु.१५०००।-सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| **क्र.सं** | **समुह** | **ढुवानी** | **बढी भुक्तानी** |
|---|---|---|---|
| १ | सहयात्रा कृषक समुह | ३०००० | १५००० |
| **जम्मा** | | **४२०००** | **१५०००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

८६ **बढी बैठक भत्ताः**

लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा ४(च) बमोजिम कार्यालयको प्रकृति अनुसार मितव्ययी ढंगले न्यूनतम संख्यामा बैठक बसि कार्य सम्पन्न गर्नुपर्नेछ।एक दिनमा एउटा पदाधिकारी वा कर्मचारीले एक वा एकभन्दा बढी कार्यालयबाट दुई वटा भन्दा बढी बैठकको भत्ता लिन पाउने छैन भन्ने व्यवस्था रहेको छ। उल्लेखित व्यवस्था विपरित देहाय बमोजिमका कर्मचारीले परीक्षा सञ्चालन वापत एकै दिनमा दुई भन्दा बढी भत्ता तथा नपाउने भत्ता बुझिलिएकोले पालिकाले यकिन गरी असुल गर्नुपर्ने रु.

| **कर्मचारी तथा पदाधिकारीको नाम** | **बैठक संख्या** | **दर** | **जम्मा** | **खुद भुक्तानी** |
|---|---|---|---|---|
| विष्णु के सी | ४ | १००० | ४००० | ३४०० |
| **जम्मा** | | | | **३४००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ३,४०० |
|---|---|

८७ **शिर्षक फरक पारी खर्चः**

स्थानिय सरकार सञ्चान ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने उल्लेख छ ।पालिकाले यो वर्ष देहाय बमोजिमको रू. ७३२८९०/- सभाबाट स्वीकृत शीर्षकभन्दा फरक शीर्षकबाट खर्च गरेको देखियो। कानुनमा भएको व्यवस्था तथा बजेटको सिद्धान्त विपरित शीर्षक फरक पारी खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| **गो.भौ.नं. र मिति** | **विवरण** | **भएको खर्च शिर्षक** | **हुनुपर्ने खर्च शिर्षक** | **रकम** |
|---|---|---|---|---|
| ५४६।२०८०-१२-१ | पाईप वल्डिङ्गहरु भुक्तानी | सवारी साधन मर्मत खर्च | अन्य मर्मत | १४७३० |
| ७०७।२०८१-१-३० | फर्निचर खरिद | कार्यालय सञ्चालन र मसलन्द | फिर्निचर तथा फिक्चर | २२००० |
| ७०७।२०८१-१-३० | ल्यापटप खरिद | मेसिनरी औजार मर्मत संभार तथा सञ्चालन | मेसिनरी औजार खरिद | २३९५६० |
| १३५।२०८०-०७-०२ | नगर खेलकुद विकास समिति | अतिथि सत्कार खर्च | नगरकप खेलकुद | ४५०००० |
| १२९।२०८०-०७-०२ | चन्द्र गेष्ट हाउस | अन्य कार्यालय सञ्चालन खर्च | विविध खर्च | ६६०० |
| **जम्मा** | | | | **७३२८९०** |

| अनियमित भएको | ७,३२,८९० |
|---|---|

८८ **योजना सम्वन्धी सफ्टवेरः**

८८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले सफ्टेक ईन्फोसिस प्रा.ली सँग एकिकृत कर संकलन प्रणाली सफ्टवेयर राखेवापत सफ्टेक ईन्फोसिस प्रा.ली.सँग बार्षिक Amc रकम रु.३८०००।-तिर्नेगरी २०७७।४।२७ मा सम्झौता भएको पाईयो । पालिकाले सोहि अनुसारको रकम फर्मलाई भुक्तानी गर्नुपर्ने देखिएकोमा पालिकाले २०७८।७९ को सम्झौतामा म.ले.प.फारमहरू अपडेट गरेको जनाई सोहि फर्मलाई बर्षिक रु.३८०००।-को अतिरीक्त पुनः रु.३००००।-थप गरेको पाईयो । म.ले.प.फारमहरू बार्षिक रूपमा अपडेट गर्नुपर्ने नदेखिएकोमा पालिकाले सो रकम प्रत्येक बर्ष फर्मलाई भुक्तानी दिदै आएको तथा यसबर्ष गो.भौ.३६६।०८०।१०।११ बाट रु.९८३२०।-खर्च लेखेको पाईएकोले यसरी भुक्तानी दिएको रकम नियमसम्मत देखिएन, रु.

| अनियमित भएको | ३०,००० |
|---|---|

८८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था

छ । तर पालिकाले सम्झौतामा Amc वापतको बार्षिक रकम वृद्धि गर्ने सम्झौताको शर्त नरहेकोमा यसबर्ष पुनः बृद्धि गरी Amc रु.५५०००।-तथा म.ले.प.फारमहरू अपडेट गरेको को चार्ज रु.३२०००।-भुक्तानी दिएको छ । यसरी शुरू सम्झौतामा सो चार्ज रकम बार्षिक वृद्धि गर्ने सम्झौता नरहेकोमा वृद्धि गरेर रु.२१४७०।-बढी भुक्तानी दिएको रकम सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,४७० |

८८.३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । शुत्र सफ्टवेयरबाट वैंक नगदी किताबको परीक्षण गर्दा पालिकाले गो.भौ.१६।०८०।१०।११ बाट योजना सम्वन्धि सफ्टवेयरको खर्च जनाई सफ्टेक ईन्फोसिस प्रा.लीको नाममा रु.३३४४८०।-भुक्तानी दिएको देखिन्छ । तर पालिकाले सो रकम कहिले देखि कहिले सम्मको तथा के वापतको रकम हो प्रमाण संलग्न गरेको छैन । अतः तथ्यपरक प्रमाण पेश हुने अन्यथा सम्वन्धितबाट असूल हुनुपर्ने, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३४,४८० |

८९ **प्रदेश समपुरकः**

८९.१ अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष प्रदेश समपुरक वजेट अन्तर्गत विभिन्न ५ वटा योजनाहरुमा रु.१५००००००।-निकासा भएकोमा रु.१०५७४०००।-खर्च भएको पाईयो । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

| क्र.सं. | आयोजना | रकम रु. |
|---|---|---|
| १ | धरमपानीदेखी अंरगखोला सम्म मोटरबाटो नाला कटिगं तथा कालोपत्रे स्तरउन्नती | ३०००००० |
| २ | भिग्रीं धनबाङ स्वर्गद्वारी रोड | ३०००००० |
| ३ | सुचना प्रविधियुक्त पार्क जिमुरपाटा | ३०००००० |
| ४ | दंगालखोला वेल्वास ३ र ४ सिचाई योजना | ३०००००० |
| ५ | भालुखोला तापाकोट सिख्रे सिचाई योजना | ३०००००० |

८९.२ **धरमपानी देखि अरङ्खोलासम्म मोटरबाटो स्तरोन्नतिः** पालिकालाई यस बर्ष प्रदेश समपुरक वजेट अन्तर्गत धरमपानीदेखी अंरगखोला सम्म मोटरबाटो नाला कटिगं तथा कालोपत्रे स्तरउन्नती निर्माणको लागि रु.३००००००।-वजेट व्यवस्था भई निकासा भएको पाईयो । पालिकाले ०+००० देखि १+२२० मि.सम्म नयाँ बाटो विस्तार तथा स्तरोन्नति समेतको निर्माण कार्यको लागि रु.५९९९९८३।-को लागत अनुमान स्विकृत गरेको छ । सो कार्य गर्नको लागि २०८०।७।२६ मा ठेक्का न ०२\SDM\NCB\R\०८०\०८१ बाट सूचना आव्हान गरेकोमा प्रस्ताव पेश भएका ३ फर्म मध्ये सबैभन्दा कम कवोल रु.२८९४६३०।४३(४३.८७% मू.अ.कर वाहेक कम कवोल) फर्म थर्ड फ्लोर कंन्सट्रक्सन प्रा.ली.को वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग रु.३३२८९४०।२१(मू.अ.कर सहित) मा २०८१।३।१० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८०।१०।४ मा सम्झौता भएको छ । सम्झौता अनुसारको कार्य ०+००० देखि १+२८० तथा १७५० देखि १८६६ मि.सम्मको चेनेजमा कार्य गरेको जनाई गो.भौ.४६।०८१।१।२३ बाट रु.१५६६६३६।-तथा गो.भौ.१४१। ०८१।१२।२७ बाट रु.१५६६६३६।-भुक्तानी दिएको छ ।

८९.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निर्माणको लागत अनुमान तयार गर्दा निर्माण गरिने सडकको स्थान एकिन गरी चेनेज उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उल्लेखित आयोजना निर्माणमा विनियोजित वजेटको कार्य वोलपत्र

माध्यमबाट गरेकोमा वचत रकमलाई पुनः सोहि मोटर बाटोमा २ वटा ह्युम पाईप (९०mm Die ) तथा कजवे निर्माणको लागि रु.१४७८७३३।२६ को लागत अनुमान तयार गरी २०८१।१।१० मा शिलवन्दि दरभाउपत्र माग गरेको पाईयो । पालिकाले प्राप्त ४ फर्मको शिलवन्दि मध्ये तिन फर्मको वोलपत्र मात्र सारभूत रूपमा योग्य देखिएकोमा सो मध्येको कम कवोल रु.७९९७०७। २०(३८.२६% कम कवोल) फर्म नव जनयुवा निर्माण सेवासँग २०८१।३।२२ मा कार्यसम्पन्न गर्ने गरी २०८१।२।८ मा रु.९१८६६९। १४ मा सम्झौता गरेको पाईयो । पालिकाले सम्झौता अनुसारको कार्य भएको जनाई गो.भौ.६०।०८१।२।२३ बाट रु.९१८६६९।- भुक्तानि समेत दिएको छ । पालिकाले सो सडक निर्माण कार्य अन्तर्गत ठेक्का नं०२\SDM\NCB\R\०८०\०८१ बाट फ्लोर कंन्सट्रक्सन प्रा.ली.बाट ०+००० देखि १+२८० तथा १७५० देखि १८६६ मि.सम्मको चेनेजमा कार्य गराईसकेको तथा सो ठेक्काबाट ३ वटा स्थानमा ह्युम पाईप राख्ने र १ कजवे वनाउने कार्य गरीसकेको अवस्थामा पुनः सोहि सडकमा कुन चेनेजमा ह्युम पाईपको कार्य भएको हो तथा कजवे समेत कुन चेनेजमा वनेको हो सो सम्वन्धमा लागत अनुमान, नापी किताबमा देखाएको छैन । जसले गर्दा कार्यमा दोहोरोपना नहोला भनि आश्वश्त हुन सकिएन । अतः यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.

| अनियमित भएको | ९,१८,६६९ |
|---|---|

९० **पार्टी पेमेन्ट नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ EFT लागू भएको अवस्थामा पालिकाबाट हुने गरेको खर्चको भुक्तानी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्नेमा कर्मचारीहरुलाई सोधभर्ना भुक्तानी गरेकोले यस्तो भुक्तानी नियन्त्रण गर्नु पर्दछ ।पालिकाले सम्बन्धित पार्टीलाई भुक्तानी नगरी देहायनुसारका कर्मचारीलाई सम्बन्धित कार्यक्रम भन्दा बाहेकको कार्यमा समेत पटक पटक सोधभर्ना भुक्तानी दिएको पाईयो।नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले देहाय अनुसार अन्य पार्टीको नाममा भुक्तानी नगरेको, अन्य कर्मचारीको भत्ता तथा भ्रमण समेतको खुद भुक्तानी लिने गरेकोले सम्बन्धितले भुक्तानी पाए नपाएको सम्बन्धमा यकिन हुन सकिएन ।

| कार्यक्रम | भुक्तानी पाउने | रकम |
|---|---|---|
| बैठक भत्ता भुक्तानी | दल बहादुर के सी | ३०६०० |
| नगरपालिका भवन उदघाटन | रमेश रोका मगर | १६०८८० |
| रोजगारी रणनिति निर्माण | तुकमान राना मगर | ३९५२० |
| परम्परागत कला संस्कृति जगेर्ना कार्यक्रम | निमा डाँगी | ४५०००० |
| अपाङ्ग परिचयपत्र वितरण कार्यक्रम | निमा डाँगी | ७३२३० |
| अपाङ्गता परिचयपत्र वितरण कार्यक्रम | निमा डाँगी | ४८१६५ |

९१ **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

९१.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ९ वटा वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका १७ कार्यक्रम सञ्चालनको लागि वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण

अनुसार ६७ जनालाई औषतमा १०० दिनको श्रमिक ज्यालामा रु.४४३२८४८।-खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् ।

९१.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

९१.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधार हुनु पर्दछ ।

९१.४ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

| वडा नं | कार्यक्रम/योजनाको नाम | कुल खर्च रकम | ज्याला संचालन खर्च |
|---|---|---|---|
| १ | रुम खेखे दावाङ जाने गोरेटो बाटो निर्माण | ३३४००० | ३३४००० |
| १ | कुसुण्डे देखि जवारी टोल जाने गोरेटो बाटो निर्माण | ४००८०० | ४००८०० |
| २ | सुकिदह गोरेटो बाटो निर्माण | ३३४००० | ३३४००० |
| २ | झुकवाङ्ग बगर बाटो निर्माण | ६६८०० | ६६८०० |
| ३ | वर्तन नेवारे बाटो निर्माण | ३३४००० | ३३४००० |
| ३ | स्वर्गद्धारी आधारभुत विद्यालय देखी लामखोय हुदै हाम्पाल जाने गोरेटो बाटो निर्माण | ३३४००० | ३३४००० |
| ४ | अमलटारर देखी भकारे हुदै नदी झर्ने भकारे बाटो | २६७२०० | २६७२०० |
| ५ | मैटार पक्की गोरेटो बाटो निर्माण | | ६८७४४ |
| ५ | डाँडा गाउँ उन्नेरी गोरेटो बाटो निर्माण | २९५२५६ | २९५२५६ |
| ५ | बुढाथोकी देवालीथान देखी सारीकोट सम्म गोरेटो बाटो निर्माण | १६१६५६ | १६१६५६ |
| ५ | सारीकोट देखि बुढाथोकी देवालीथान जोडने गोरेटो बाटो निर्माण | ६६८०० | ६६८०० |
| ६ | सुर्योदय मावि देखि सिद्धार्थ जोडने गोरेटो बाटो निर्माण | | २६३१९२ |
| ६ | टाकुरा सिद्दथान सडक निर्माण | १३३६०० | १३३६०० |
| ७ | घर्तिटोला देखी बगरेखोला जाने गोरेटो बाटो निर्माण | ३३४००० | ३३४००० |
| ८ | अमिलधारा ठूलिचौर गोरेटो बाटो निर्माण | २६७२०० | २६७२०० |
| ९ | तल्लो धपखोला तिलरकिनी कोदेरी धपखोला धरम्पा गोरेटो बाटो निर्माण | ७३४८०० | ७३४८०० |
| ९ | तिल्केनी देखी कोदारी सम्म जोडने गोरेटो बाटो निर्माण | ६६८०० | ६६८०० |

९१.५ पालिकाले कार्यान्वियन गर्ने योजनाहरू बार्षिक वजेटमा समावेश गरी कार्यान्वियनमा लैजानुपर्ने तथा वडाहरूको आवश्यकताको आधारमा योजना छनौट गर्नुपर्ने देखिन्छ । तर पालिकाले यस बर्ष कार्यान्वियन गरेका सोह्र वटा नै योजनाहरू वजेटमा समावेश गरेको नपाईएको तथा कार्यपालिकाको निर्णयानुसार मात्र छनौट गरेको जनाएको छ । पालिकाले योजना छनौट गर्दा सवै वडाहरुलाई छनौट गर्नुपर्नेमा रोजगारहरु सवै वडामा नभएकोले समेट्न नसकेको जनाएको भएतापनी सवै वडाहरूलाई प्राथमिकतामा राखी योजना छनौट र कार्यान्वियन गर्नुपर्दछ ।

## ९२ शैक्षिक गुणस्तर सुद्धृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरी अनुदान प्राप्त गर्ने कार्यक्रमहरुलाई शिर्षकगत रुपमा उल्लेख गरेको छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत शैक्षिक गुणस्तर शुदृढिकरण एवम कार्य सम्पादनमा प्रोत्साहन अनुदान शिर्षकबाट श्री अमर माध्यामिक विद्यालयलाई अनुदान स्वरुप गो.भौ.६०१।०८१।३।१९ बाट रु ३००००००।-निकासा दिएको छ । तर सो विद्यालयले प्रस्ताव अनुसारको खर्च पुष्ट्याईको विल भरपाई पेश नगरेकोले प्रमाण पेश हुने, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००,००० |

## ९३ फिल्ड भत्ता:

अर्थमन्त्रलयबाट जारी तलबमान सम्बन्धी परिपत्रले फिल्ड भत्ताको आधार अनुसार फिल्डमा अर्थात गाउँ गाउँमा बसी काम गर्ने नापी विभागको नापी टोली, जिल्ला कृषि शाखाका जे.टी.ए जस्ता कर्मचारी, तथ्याङ्क विभागका तथ्याङ्क लिने टोली, सहकारी कार्यालयका फिल्डमा काम गर्ने कर्मचारी, विद्यालय निरीक्षक, मा.सि.का, ग्रामीण स्वास्थ कार्यकर्ता, अदालतका तामेलदार, अमिन आदि जस्ता कर्मचारीहरुले फिल्ड भत्ता पाउने र प्रत्येक महिना कम्तीमा १६ दिन फिल्डमा काम गर्न खटिएको अवस्थामा मात्र फिल्ड भत्ता दिइने, फिल्ड भत्ता लिन निजले काम गरेको कार्यक्षेत्रको वडाको अध्यक्षको सिफारीस अनिवार्य हुने उल्लेख छ । पालिकाले प्राविधिक शाखामा कार्यरत विभिन्न १२ कर्मचारीलाई फिल्डभत्ता वापत रु.६८४५००।-रकम भुक्तानी गरेको छ। पालिकाले यस सम्बन्धमा कर्मचारीहरुलाई उक्त समयमा भ्रमण भत्ता नदिएको जनाएको छ। फिल्ड भत्ता दिने स्पष्ट आधार नभएकोले उक्त रकम खर्च गर्नु उपयुक्त देखिएन ।

९४ **देउराली सालावाङ्ग थापाखर्क निङ्गाला छहरेखोला लिफ्ट खानेपानि योजनाः**

९४.१ पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) वजेटबाट खर्च गर्ने गरी तथा स्विकृत DPR अनुसार चार घ.मि.को ३ वटा, ६ घ.मि.को ३ वटा, १० घ.मि.को १ वटा, २५ घ.मि.को १ वटा, २० घ.मि. को १ वटा, ७५ घ.मि.को १ वटा ५० घ.मि.को १ वटा र १४ घ.मि.को १ वटा ट्याङ्कि, २ वटा ईन्टेक, १० वटा व्रेक प्रेसर च्याम्वर, २२४ वटा धारा, २१.७५ कि.मि.को वितरण लाईन ललगायतको कार्य गर्नेगरी देउराली सालवाङ्ग थापाखार्क निन्ला छहरे खोला लिफ्ट खानेपानी आयोजनाको रु. ७८०१६२८७।०० को लागत अनुमान गरेको पाईयो । सोहि अनुसार २०८०।१०।५ मा ठेक्का नं ९/SDM/NCB/DWSS/०८०-८१ बाट प्रस्ताव माग गरेकोमा तिन वटा फर्मको प्राविधिक प्रस्ताव पेश भएकोमा एक फर्मको प्रस्तावमा साईड भिजिट रीपोर्ट पेश नगरेको कारण प्राविधिक परीक्षणमा अयोग्य भएकोमा वाँकि दुई फर्मको आर्थिक प्रस्ताव मध्ये कम कवोल रु.४६५८४७३५।८५(१२.८४%कम कवोल) फर्म जलजला।स्वर्गद्धारी जे.भी.सँग २०८३।३।१० मा कार्यसम्पन्न गर्नेगरी २०८१।२।७ मा सम्झौता भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

९४.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले उल्लेखित ठेक्काको लागि गो.भौ.४९। ०८१।३।५ बाट रु.९३१७०००।-पेश्कि दिएकोमा GI पाईप, HDP पाईप, ट्रान्फर्मर लगायतको सामानहरू खरीद गरी राखेको अवस्था छ भने निर्माण कार्यको प्रगती शुन्य देखिन्छ । पालिकाले निर्माण कार्यको नियमित अनुगमन गरी निर्धारीत समयमा नै पेश्कि फछर्यौट तथा कार्यसम्पन्न गराउने तर्फ पहल गर्नुपर्ने देखिन्छ ।

९५ **कर्मचारी प्रोत्साहन भत्ताः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। स्थानीय तहले नगर सभाको एघारौ अधिवेशनको निर्णयबाट कार्यरत कर्मचारीलाई कार्यालय समय अघि पछि तथा बिदाको दिनमा समेत कामकाज गरेको जनाई श्रावण देखि माघ महिनासम्म अधिकृतस्तरलाई रु.७००।-तथा सहायकस्तरलाई रु.५००।-को दरले कुल १७ कर्मचारीलाई वितरण गरेको कार्य नियमसंगत देखिएन ।

**(विस्तृत विवरण बेरूजु दफा ९५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९६ **नन्फाइलरः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७०,१९८**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२८७,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२२६,२८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८६,३०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९७ **वडा कार्यालय वैठक भत्ता:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ मा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने आधार र पर्याप्त कारण सहित सम्बन्धित कार्यालयले संलग्न बिल भरपाइ बमोजिम आगामी बर्ष भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्विकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी ७ दिन भित्र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । सोही नियमको उपनियम १५ मा अघिल्लो आ.व को भुक्तानी दिन सकिने खर्चमा तलब स्वीकृत दरवन्दीको महंगी भत्ता, स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न औषधि उपचार बन्दीको सिधा सेवा निवृत्त सुविधा स्वीकृत बार्षिक कार्यक्रम समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग सम्झौता बमोजिमको रकम मात्र प्रमाणित गराइ भुक्तानी हुन सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष गो.भौ.९।२०८०।०५।०१ बाट निम्नानुसारको रकम वडा नं १, कोचिवाङ्गका वडा समितिका पदाधिकारी तथा कार्यालयका कर्मचारीहरुले २०७९ महिनाको श्रावण १ गते देखि २०८० असार २५ सम्म १४ वटा बैठक बसे बापत बैठक भत्ता भुक्तानी दिन बाँकी राखि रु.९५२००।-भुक्तानी दिन बाँकीको विवरणबाट खर्च लेखेको छ । यसरी भुक्तानी दिन नमिल्ने यस्ता खर्चहरु भुक्तानी गर्नु कानून विपरीत देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९५,२०० |

९८ **सारी स्वास्थ्य चौकि भवन निर्माणः**

९८.१ पालिकालाई यस बर्ष संघिय शसर्त अनुदान अन्तर्गत सारी स्वास्थ्य चौकि भवन निर्माणमा वजेट व्यवस्था भई निकासा भएको पाईयो । पालिकाले सो भवन निर्माणको लागि रु.४८७८३४९।१० को लागत अनुमान तयार गरी स्विकृत गरेको छ । सो कार्यको लागि २०८०।११।७ मा वोलपत्रको सूचना आव्हान गरेकोमा प्राप्त ७ वोलपत्र मध्ये दुई फर्मको Bid Validity नभएकोले योग्य देखिएको पाईएन । अन्य पाँच फर्महरू मध्ये कम कवोल रु.२५११९४१।३०(४०.३६%कम कवोल) गर्ने फर्म अकृसा निर्माण सेवाको वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग रु.२८८७५८९।-(मू.अ.कर सहित) मा २०८१।३।२० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८१।१।१८ मा सम्झौता भएको छ । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

९८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यबसायी वा आपूर्तिकर्ताले सम्झौता बमोजिमको नियमावलीमा उल्लेखित समयावधि सम्मको पेश्की जमानत लिनुपर्ने व्यबस्था रहेको छ । पालिकाले सारी स्वास्थ्य चौकि भवन निर्माणको लागि वोलपत्र आव्हान गरेकोमा उल्लेखित फर्मसँग सम्झौता गर्दा रु.९६९४८८।२२ को कार्यसम्पादन जमानत राख्नुपर्ने सिस्टममा देखाएको छ । तर पालिकाले २०८१।१।१२ मा सम्झौताको लागि आव्हान गर्दा रु.७४२४८२।-को कार्यसम्पादन जमानत माग गरेको साथै निर्माण व्यवसायीले कृ.वि.बैक को PB.०१४३/००२७/६३३२/०२४ बाट सोहि रकम बराबरको जमानत पेश गरी सम्झौता गरेकोले रु.२२७००६।२२ को वैक जमानत कम देखिन्छ । यसरी कम जमानत भएको अवस्थामा पनि सम्झौता गर्नु नियमसम्मत देखिदैन । अतः सो जमानत रकमको प्रमाण पेश हुनुपर्दछ, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२७,००६ |

९९ **छुट विद्युत महसुलमा कार्यक्रमः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले लक्षित वर्गको लागि विनियोजन गरेको रकम लक्षित वर्गको दिगो पूँजी निर्माण तथा उत्थानमा खर्च गर्नुपर्नेमा सम्पूर्ण वडाका नागरिकले २० युनिटसम्म खपत गरेको विद्युत महशुल भुक्तानी गर्ने जस्ता घरायसी प्रयोजनमा प्रयोग हुने पालिकाबासीहरुको लागि २० युनिट सम्म विद्युत महशुल छुट कार्यक्रम लागू गरी यस आर्थिक वर्षमा रु.१४९९७४५।६५ खर्च गरेको छ। लक्षित वर्ग कार्यक्रम अन्तर्गत घरायसी प्रयोजनमा प्रयोग हुने सामग्री तथा नागरिकहरुको विद्युत महशुल भुक्तानी गर्ने जस्ता कार्य ऐन नियम अनुसार नदेखिएकोले यस प्रकारको कार्यक्रम नियमसम्मत देखिएन। पालिकाको आन्तरीक आम्दानी पर्याप्त नदेखिएकोमा यस्तो प्रकारको कल्याणकारी कार्यक्रममा नियन्त्रण हुनु पर्दछ।

१०० **राष्ट्रपति महिला उत्थान कार्यक्रमः**

जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७ बमोजिम मानव विकास सूचकांकमा पछाडी परेका जिल्लाका विपन्न र एकल महिलालाई सिप ,क्षमता र योग्यताका आधारमा रोजगारिमा प्राथमिकता दिन ,आर्थिक तथा सामाजिक अवसर र लाभ प्रदान गर्न साथै महिलाको उत्थान, सशक्तिकरण गरि राष्ट्रिय विकासमा मूलप्रवाहिकरण गर्नका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गरिदै आएको छ । यस वर्ष स्वर्गद्वारि नगरपालिकाले राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जिविकोपार्जन सुधार कार्यक्रम लाई बिनियोनित बजेट रु.८९००००।-मार्फत नगरपालिका भित्रका २५ जना महिलालाई होमस्टे संचालनका लागि तालिम र मापदण्ड बमोजिम प्रतिमहिला रु.२६०००।-प्रदान गरेको पाईयो । कार्यक्रम संचालनका लागि मापदण्ड बमोजिम संस्था छनोट गर्न २०८१।१।७ मा प्रथम पटक प्रस्ताव आह्वानको सुचना प्रकासन गरेकोमा कुनै पनि प्रस्ताव नपर्दा पुन: दोस्रो पटक २०८१।१।२४ मा सुचना प्रकाशन भएकोमा ४ संस्थाले प्रस्ताव पेश गरेकोमा मुल्याङ्कनमा सबै भन्दा बढी अंक प्राप्त गर्ने फुलबारि एकीकृत ग्रामिण विकास संस्था छनोट गरेको पाईयो । यसरि उक्त संस्था छनोट गरि होमष्टे संचालनको तालिम र व्यावसाय सञ्चालन खर्च अनुदान (२५ जना महिलालालाई) समेत गरि गो .भौ. ५।२०८१।३।२० बाट रु.७५००००।-भुक्तानि भएको छ । यसरी कार्यक्रम संचालन गरेको भएतापनि संस्था छनोटमा पुर्णत मापदण्ड नअपनाएको, व्यावसाय छनोट गर्दा प्रयाप्त अध्ययन नभएको, कार्यक्रम उपलब्धिको मुल्यांकन नभएको जस्ता कारणले उक्त कार्यक्रम प्रभावकारि भएको भन्नेमा विश्वस्त हुन सकिएन ।

| सि.न. | क्रियाकलाप | दर रु. |
|---|---|---|
| १ | तालिम संचालन बापत | १००००० |
| २ | व्यावसाय सञ्चालन खर्च अनुदान २५ जना लाई | ६५०००० |
| ३ | स्थानिय तहलाई सुचना प्रकाशन व्यवस्थापन र सम्झौताको लागि | १४०००० |
| | जम्मा | ८९०००० |

देखिएका व्यहोराः

• कार्यक्रम संचालनका लागि तोकिएको मापदण्ड पुर्ण रुपमा पालना नगरेको ।

• छनोट भएको संस्थाको विधानमा उल्लेखित कार्यक्षेत्र र राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जिविकोपार्जन सुधार कार्यक्रमको उद्देश्य बिच मेल नखाएको ।

• होमष्टे व्यावसाय संचालन का लागि छनोट गर्दा प्रयाप्त अध्ययन नभएको ।

• होमष्टे व्यावसाय संचालनका लागि प्रदान गरिएको तालिम र अनुदान वितरण पश्चातको उपलब्धि मुल्याङ्कन नभएको पाईयो ।

तसर्थ पालिकाले यस्ता तालिम तथा प्रदान गरिएको अनुदानको वितरण पश्चातको उपलब्धिको निरन्तर अनुगमन गरि प्रतिफल मुलक बनाउनु अपरिहार्य देखिन्छ ।

१०१ **फरक दरमा सिमेन्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाका विभिन्न उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा लागत अनुमानमा सिमेन्ट प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार विश्लेषण गरेकोमा उपभोक्ताले कम दरमा प्रयोग गरेको विलको आधारमा पनि कार्यसम्पन्न लागत अनुमान वरावर कै बनेको पाईएकोले उक्त सिमेन्टको दरमा देहाय अनुसारको फरक भएको छ । सो रकमको उपभोक्ताको योगदान अंश कट्टा गरी हुन आउने रकम रु.१८७८०२।-देहाय अनुसारका निर्माण कार्यको समितिबाट असुल हुनु पर्ने रु.

| क्र.सं | भौनं. | निर्माणकार्य । उ.स.कोनाम | लागत अनुमानदर | विलको दर | फरक रकम | बढी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | २७।०८१।३।१९ | जनप्राणी प्रा.वि.शौचालय निर्माण | ८२०।- | ५८०।- | ३२८८० | २७७५४ |
| २ | ४०।०८१।३।२२ | शिशु कल्याण आ.वि.भौतिक सुधार | ८२०।- | ६१६।- | १८९७२ | १५९६५ |
| ३ | २६।०८१।३।१९ | ज्ञान प्रकाश आ.वि.वालमैत्री वि.निर्माण | ८२०।- | ५६६।- | ११२३० | ९५२५ |
| ४ | ४८।०८१।३।२३ | श्री जन सम्पर्क प्रा.वि. वालमैत्री वि.निर्माण | ८२०।- | ५६६।- | १९८३० | १६७९६ |
| ५ | ३१।०८१।३।२३ | अमर क्याम्पसको कम्पाउण्ड वाल निर्माण | ८२०।- | ६१६।- | २९३९४ | २४६२६ |
| ६ | ३४।०८१।३।२३ | चन्द्रेश्वरी विद्यालय वालमैत्री वि.निर्माण | ८२०।- | ६३०।- | १६२०० | १३३९७ |
| ७ | २११।०८१।३।६ | चाल्नेटार खानेपानी योजना | ८२०।- | ६८६।- | ७१५० | ६०३८ |
| ८ | २५०।०८१।३।२३ | भुल्के लिफ्ट एक घर एक धारा खा.पा.योजना | ८२०।- | ६२२।- | १२८२४ | १०८२० |
| ९ | ११०।०८०।११।२४ | रूपाकोट सिंचाई योजना | ८२०।- | ६२७।- | ३३३८९ | २७७८३ |
| १० | १६८।०८१।१।३० | पधेरी खोला लिफ्ट खा.पा.योजना | ८२०।- | ६१६।- | २४२७६ | २०५१८ |
| ११ | ११६।०८०।६।३० | ठूलीचौर खा.पा.योजना | ८२०।- | ६४७।- | १७६४६ | १४५८० |
| | | | | | **जम्मा** | **१८७८०२।-** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६०,२१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८७,८०२ |

१०२ **१५ शैया अस्पताल :**

१०२.१ पालिकाले गैर्ह आवाशिय भवन अन्तर्गत १५ शैया अस्पताल निर्माण कार्यको रु.३२३२७७३४६।०४ को DPR तयार भएकोमा यस बर्ष सो कार्य निर्माणको लागि रु. ३० लाख विनियोजन भएको जनाई DPR मध्येको मर्चरी, क्यान्टीन, वेष्ट मेनेजमेण्ट व्लक, गार्ड हाउस,र बाउण्ड्रि वाल लगायतको कार्य वाहेकको कार्यको लागि रु.२५८८७६५१०।२४ को लागत अनुमान स्विकृत गरेको पाइयो । सो कार्यको लागि ठेक्का नं २/SWM/NCB//२०७९/८० बाट २०८०।२।२४ मा वोलपत्र आव्हान गरेकोमा तिन फर्महरूको प्राविधिक प्रस्ताव परेको पाईयो । प्राप्त प्रस्तावहरू मध्ये प्राविधिक परीक्षणमा दुई फर्महरू मात्र पास भई आर्थिक प्रस्ताव खोलिएकोमा सवैभन्दा कम कबोल गर्ने फर्म शिवालय विल्डर्स प्रा.ली.को रु.२०१५७५१४३।१५(९.१% कम) सँग २०८०।७।१९ मा मू.अ.कर र पिएस समेत

रु.२३१२४४५५९।७६ तथा २०८२।८।३० सम्म सम्पन्न गर्ने गरी सम्झौता भएको पाईयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

१०२.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,३१०,२३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०२.३ निर्माण व्यवसायीले २०८१ आषाढ मसान्तसम्ममा ८० प्रतिशत PCC for RCC को कार्य तथा Brick Mationary Work को कार्य ४०% सम्पन्न गर्ने रहेकोमा हालसम्मको कार्य प्रगती शुन्य रहेको छ । सो सम्वन्धमा पालिकाले संघिय वजेट समयमा प्राप्त नभएको जनाएको छ । पालिकाले वजेटको सुनिश्चितता गरी ठेक्का लगाउनेतर्फ ध्यान दिनुपर्ने तथा वजेट व्यवस्थापन गरी निर्माण व्यवसायीसँग अद्यावधिक कार्यतालिका पेश गर्न लगाई समयमै कार्य सम्पन्न गराउनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १०३ **साल्मोडे जारी खोला झोलुङ्गे पुलः**

१०३.१ सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । कार्यालयले साल्मोडे जारी खोला झोलुङ्गे पुल उपभोक्ता समितिसँग रु.५२४४२९०।०६ को लागत अनुमान मध्ये १३% पालिका योगदान, २५ समितिको योगदान र बाँकि झोलुङ्गे पुल क्षेत्रगत सुधार कार्यक्रम अन्तर्गतको रकमबाट पालिकाले भुक्तानी दिनेगरी २०७८९।८।१ मा सम्झौता गरेको देखियो । पालिकाले सञ्चालित योजनाको कार्यसम्पादन पश्चातको भुक्तानी गर्दा उपभोक्ता समितिहरूले खरीद गरेको सामाग्रीहरुको परीमाण वरावरको खपत भएको छ कि छैन सोको समेत मूल्याङ्कन गर्नुपर्नेमा प्राविधिक विलको आधारमा मात्रै भुक्तानी दिएको पाईयो । कार्यालयले उल्लेखित योजना उपभोक्ता समिति मार्फत संचालित गरेकोमा लागत अनुमान तयार गर्दा सिमेण्ट प्रति वोरा रु.८२०।-का दरले हुने गरी तयार गरेकोमा खरीद प्रति वोरा रु.६४०।-का दरले गरेको विल भरपाई पेश गरेको छ । जसले गर्दा लागत अनुमान भन्दा प्रति वोरा रु.१८०।-ले १४५ बोराको हुने रकम रु.२६१००।-ले खर्च रकममा बृद्धि हुने देखिन्छ । पालिकाले सोहि विल भरपाईको आधारमा नै लागत अनुमानको दरको नापि किताब तथा प्राविधिक विल पेशको आधारमा यसबर्ष गो.भौ २८।०८०।१२।१ बाट रु.१९४०९२१।-भुक्तानी दिएकोले बढी भुक्तानी रकम रु.२६१००।-मा उभोक्ताको योगदान अंशको हुने रकम कट्टा गरी आउने रकम रु.२५५७८।-सम्वन्धितबाट यकिन गरी असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,५७८ |

१०३.२ पालिकाले झोलुङ्गे पुल क्षेत्रगत सुधार कार्यक्रम अन्तर्गतको सो रकम खर्च गर्दा सम्झौता अनुसार पालिकाबाट १३% र कार्यक्रमबाट ७५% खर्च गर्नुपर्ने देखिन्छ । तर पालिकाले यस बर्ष प्रथम रनिङ्ग बिल उपभोक्ता समितिलाई भुक्तानी तथा परामर्शदातालाई समेत भुक्तानी गरी रु.२१३९०१५।६९ खर्च लेखेकोमा झोलुङ्गे पुल क्षेत्रगत सुधार कार्यक्रमबाट रु.१८१८१६३।र वाँकि रु.२७८०७२।- पालिकाको स्रोतबाट खर्च लेख्नुपर्नेमा शतप्रतिशत नै कार्यक्रमबाट भुक्तानी दिएकोले दोस्रो विलबाट सो रकम मिलान गरेको प्रमाण पेश हुनुपर्दछ, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७८,०७२ |

## १०४ **पारीश्रमिक करः**

आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर योग्य आयमा पहिलो रु.१ लाखमा १० प्रतिशत त्यस पछिको रु.२ लाखमा २० प्रतिशत र रु.७ लाख ५० हजार देखि रु.२० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । पालिकाका देहायका

कर्मचारीको बार्षिक तलब भत्ता, प्रोत्साहन भत्ता तथा अन्य सुविधा बापतको रकममा देहायको पारिश्रमिक कर कट्टा गरी दाखिला हुनुपर्नेमा घटी कर कट्टी भएको देखिएकोले नपुग कर रकम रु.१९१४८।२२ असुल गरी दाखिला हुनपर्ने रु.

| सि.नं. | नामथर | पद | जम्मा पारिश्रमिक | करयोग्य आय | असुल गरि दाखिला गर्नु पर्ने पारिश्रमिक कर |
|---|---|---|---|---|---|
| १ | नवराज के.सी | सि.अ.हे. ब.अ. | ९४६७०३।८० | १९१४८२।२० | १९१४८।२२ |
| | | | | **जम्मा** | **१९१४८।२२** |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,७६१.३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,१३४.२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,१४८.१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,९६९.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,१४८.२२ |

१०५ **परामर्शदातालाई भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिका र मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र विच २०७७।७।२६ मा भएको सम्झौता अनुसार सर्भे डिजाईन, लागत स्टिमेट तयार गरे पश्चात ३०%, फलामको लठ्ठा तन्काएपछि ३५% र पुलको अन्तिम जाँचपास गरेपश्चात ३५% भुक्तानी परामर्शदातालाई दिनुपर्ने उल्लेख छ । साल्मोडे जारी खोला झोलुङ्गे पुल कार्यको प्रथम रनिङ्ग विलसम्मको भुक्तानी यसबर्ष गो.भौ.२८।०८०।१२।१ बाट रु.१९४०९२१।-भुक्तानी दिएकोलेमा फलामको लठ्ठा तन्काउने कार्य सम्पन्न नभएको अवस्थामा पालिकाले परामर्शदातालाई दोस्रो किस्ताको रकम रु.१०६६४२।६४ समेत भुक्तानी दिएको पाईयो । यसरी सम्झौताको शर्त अनुसारको कार्य नै सम्पन्न नभएको अवस्थामा समेत भुक्तानी दिएकोले लठ्ठा तानेको प्रमाण पेश हुनुपर्दछ, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०६,६४३ |

१०६ **नमुना विद्यालयः**

१०६.१ कार्यक्रम कार्यान्वयन पुस्तिका को ८.३ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान रकम विद्यालयलाई उपलब्ध गराउदा विद्यालयसँग सम्झौता भए पश्च्यात प्रथम किस्ता वापत ५० प्रतिशत, स्ट्रक्चरलको कार्य सम्पन्न भएपछि दोस्रो किस्ता वापत ३० प्रतिशत र कार्यसम्पन्न गरेपछि नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम किस्ता २० प्रतिशत रकम अनुदान दिने व्यवस्था रहेको छ । भौतिक निर्माणको लागि संघिय सरकारबाट शसर्त अनुदान अन्तर्गत यस वर्ष नमुना विद्यालय श्री माण्डवी विद्यालयका लागि रु १००००००००।-विनियोजन भई आएकोमा पालिकाले विद्यालयलाई पेश्की जनाई ठेक्काको विलको आधारमा खर्च दिने गरेको देखियो । विद्यालयले २ कोठाको एक तल्ले भवन तथा छात्र छात्राको शौचालय सहितको भवन निर्माणको लागि स्विकृत रकम रु.१०१२७२५७।- लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा माण्डवि निर्माण सेवासँग २०८१।३।२१ सम्ममा कार्यसम्पन्न गर्ने गरी २०८०।१०।१५ मा रु.६२२८२००।०९ मा सम्झौता गरेको छ । निर्माण व्यवसायीले कार्य सुचारू गरेको जनाई विद्यालयको माग अनुसार गो.भौ.१९।०८०।११।२ बाट पेश्कि रु.२००००००।-, गो.भौ.४८।०८१।२।३१ बाट पेश्कि रु.१३०००००।-दिएको पाईयो । निर्माण व्यवसायिले कार्यसम्पन्न गरेको आधारमा कुल मूल्याङ्कित रकम रु.६१७८३२५।२५

गो.भौ.३०, ३१ र ५२।०८१।३।२० बाट गरी पेश्कि कट्टा गरी भुक्तानी दिएको छ । पालिकाले विद्यालयको भौतिक अनुगमन गरी भएका कार्य अनुसार निकासा दिनुपर्नेमा मागको आधारमा दिने तथा अनुगमनको प्रतिवेदन नराख्ने गरेकोले सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

१०६.२ कार्यक्रम कार्यान्वयन पुस्तिका को ८.३ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान रकम विद्यालयलाई उपलब्ध गराउदा विद्यालयले भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र विद्यालय खरिद दिग्दर्शनभित्र रही निर्माण कार्य सञ्चालन गर्ने व्यवस्था छ। विद्यालयले विनियोजित वजेटबाट सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली वमोजिमा ठेक्का मार्फत कार्य गरेकोमा सो वोलपत्र गरी वचत रकमबाट उपभोक्ता समिति मार्फत सोहि भवनको माथिल्लो तलाको कार्य गर्न पालिकामा अनुमति मागेको देखियो । सोहि आधारमा विद्यालय व्यवस्थापन समिति र पालिका विच रु.४४७४२७५।६८ को लागत अनुमानमा १५.७० प्रतिशत विद्यालयले योगदान गर्ने तथा २०८१।३।१५ मा कार्यसम्पन्न गर्ने गरी २०८१।१।२८ मा सम्झौता भएको पाईयो । विद्यालय व्यवस्थापन समितिले कार्य गर्ने जनाएको भवनको तल्लो तल्ला निर्माण व्यवसायि माण्डवी निर्माण सेवाले २०८१।३।१५ मा मात्रै सम्पन्न गरेकोमा विद्यालय व्यवस्थापन समितिले समेत प्रथम तल्लाको काम २०८१।३।१५ मा नै सम्पन्न गरेको जनाई पालिकाले गो.भौ.५२।०८१।३।२० बाट रु.३७६१७९९।-भुक्तानी दिएको छ । यसरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरीत तथा निर्माण व्यवसायिलाई दिएको कार्यसम्पन्न नहुदै सोहि भवनमा विद्यालय व्यवस्थापन समितिलाई कार्यगर्न दिएको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ३७,६१,७९९ |

१०६.३ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१५२,३५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०६.४ विद्यालय व्यवस्थापन समितिले पेश गरेको विल भरपाई समेत परीक्षण गर्दा नर्म्स अनुसार सो कार्यको लागि रु.१३५३१५६।-को ज्यामी ज्याला लाग्ने देखिएकोमा रु.१९३६५९०।-को डोर हाजिरी पेश गरेको छ । जसले गर्दा नर्म्स भन्दा बढी रु.५८३४३२।-बढी रकमको डोर हाँजिरको आधारमा भुक्तानी भएको छ । लागत अनुमानमा तोकिएको परीमाण भन्दा बढी कार्य नगरेको अवस्थामा समेत ज्यामी ज्यालामा बढी दावि गरीनु तथा खर्च रकम भुक्तानी दिएको सम्वनन्धमा पालिकाले प्रमाण पेश गर्नुपर्दछ, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,८३,४३२ |

१०७ **दरभाउपत्रबाट खरीदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ ।भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले देहायका कार्यहरू गर्दा लागत अनुमान तयार गरी निर्धारीत कानून अनुसार प्याकेज बनाई खरीद गर्नुपर्नेमा पटक पटक दरभाउपत्रको माध्यमबाट आर्थिक बर्षको अनितममा रु.१८१७२५७।-को खरीद गरेकोले खरीदमा प्रतिशपर्धाको वातावरण समेत देखिएन । यसरी खरीद गरेको रकम नियमसम्मत नदेखिएको, रु.

| सि.नं | गो.भौ।मिति | खरीद फर्म | कार्य विवरण | खरीद संख्या | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | ११।२०८०।७।२ | इपिक कम्प्युटर | सर्भर कम्प्युटर | १ | २२०००० |
| २ | ५४।२०८०।१०।१२ | आयान ट्रेडर्स | ल्यापटप/कम्प्युटर | २ | २०५००० |
| ३ | १००।२०८०।११।४ | विएस इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स | सिसि टिभि | १५ | ३९७२५७ |
| ४ | ५९।२०८०।१०।१७ | गुगल ट्रेडर्स | ल्यापटप तथा सक्यानर | ५ | ९९५००० |
| | | | | **जम्मा** | **१८१७२५७** |

| | |
|---|---|
| अनियमित भएको | १८,१७,२५७ |

## १०८ शान्तीपार्क निर्माणः

१०८.१ यस पालिकाले स्वर्ग शान्ती पार्क निर्माणका लागि मन्दिर, धर्मशाला, योगा हल, जगिंङ ट्रयाक, बाउन्ड्रीवाल, प्रवेश द्धार, पिक्नीक स्पट, स्वीमिंङ पुल, चिल्ड्रेन पार्क, गार्डेनिंक कार्य, स्टेरकेस समेत अन्य कार्य सहित रु ३११९४३५३१८।-को डिपीआर तयार गरेको देखिन्छ । नगरपालिका अन्तर्गत गुरूयोजना अनुसारको दुई तलाको एक भवन, दुई वटा पिकनिक सेड घर, सार्वजनिक शौचालय, ग्राभल बाटो तथा वाउण्ड्रि वाल निर्माणको लागि मात्र पालिकाले रु ६४२१८८७२।-को लागत अनुमान स्विकृत गरी आर्थिक बर्ष २०७८।७९ मा ठेक्का नं SPM/W/NCB/०४/०७७-७८ बाट २०८० फाल्गुण मसान्तसम्म कार्यसमपन्न गर्नेगरी रु.५८९०३०३३।८९ मा २०७८।७।१४ मा राजवीर-आँसु-पि.पि.जे.भी.सँग सम्झौता गरेकोमा २०८१।३।९ मा यसबर्ष रु.५८८९९८५६।७९ को मूल्याङ्कन गरी भुक्तानी गरेको छ । सो सम्वन्धी देखिएको विवरण निम्नानुसार छन ।

१०८.२ पालिकाले डिपिआरको डिटेल ईस्टिमेट पेश गरेको छैन । साथै उक्त पार्कको जग्गा सार्वजनिक भएको तथा नक्सा पास भएको सम्बन्धमा प्रमाण पेश नगरेकोले जग्गा यकिन तथा नक्सा पास नगरि निर्माण कार्य अगाडि बढाउन उपयुक्त देखिदैन । तथा पालिकाले उक्त डिपिआर कार्यान्वयनका लागि योजना बनाई स्रोत सुनिश्चतता हुने गरी संघीय तथा प्रदेश सरकारबाट बजेट प्राप्ति गरी बोलपत्र मार्फत कार्य अगाडि बढाई गुणस्तरीय तथा एकरुपता कायमा हुने गरी कार्य गराउनुपर्नेमा स्रोत सुनिश्चतता वेगर निर्माण कार्य अगाडि बढाउने र कार्य समयमा गराउन नसक्ने सम्बन्धित पक्षलाई जिम्मेवार बनाउनुपर्दछ।

१०८.३ सार्वजनिक खरिद नियमावली २०६४ को नयम ११२ मा रु १० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको निर्माण व्यवसायीले निर्माण स्थल सुम्पिएको मिति देखि त्रुटी सच्याउने अवधि सम्मको बीमा गराउनु पर्ने र नियम १११ बमोजिम गुणस्तरपक्षको निरिक्षण परीक्षण गराउनु पर्ने व्यवस्था छ। उक्त निर्माण कार्यको विमा वापत विओक्यूमा रु २२००००।-व्यवस्था भएकोमा अन्तिम विलसम्म सो मध्ये रु.१८२७८६।७७ को दावि पेश गरेको छ । साथै ल्याब टेस्ट वापत रु २४५०००।-प्रोभिजनल सम व्यवस्था गरेकोमा ल्याब टेस्ट समेत गरेको छैन । पालिकाले निर्माण कार्यको विमा र गुणस्तर परिक्षण गराई मात्र भुक्तानी दिनुपर्दछ ।

१०८.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौता अनुसारको सामान आपूर्ती नगरेमा सम्झौता रकमको प्रतिदिन0.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ । त्यस्तै नियमावलीको तेह्रौ संशोधनबाट खरीद सम्झौताको अवधी थप सम्वन्धि विशेष व्यवस्था नियम १२०क मा छ । निर्माण व्यवसायीले म्याद भित्र कार्यसम्पन्न गर्न नसकेको जनाई २०८०।११।९ मा म्याद थपको लागि निवेदन दिएको पाईयो । पालिकालाई म्याद थपको लागि खुलाएको कारण यथोचित लागेमा निर्माण व्यवसायीबाट संशोधित कार्य तालिका माग गरी म्याद थपको कारवाहीलाई निवेदन प्राप्त भएको मितिले तिस दिन भित्र टुङ्गो लगाउनुपर्ने देखिन्छ । तर सो निवेदन प्राप्त गरे पश्चात पनि कार्यपालिकाको वैठक २०८०।११।२०, २०८०।१२।१ र २०८०।१२।३० गरी तिन पटक बसेकोमा सो निवेदन उपर छलफल

समेत भएको देखिएन । कार्यपालिकाको २०८१।१।६ को वैठकको निर्णय नं २५ बाट समयमा वजेट अभावको कारणले कार्यसम्पन्न नभएको जनाई २०८१।३।१० सम्मको म्याद थप गरेकोमा २०८१।३।९ मा रु.५८८७९८५६।८३ को अन्तिम मूल्याङ्कन सहित भुक्तानी गरेको छ । पालिकाले प्राप्त निवेदन उपर समयमा निर्णय गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०८.५ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा तोकिए अनुसारको ढाँचामा विल विजक जारी गर्नुपर्ने तथा यसरी विजक जारी गर्दा केरमेट गरी सच्चाई जारी गर्न नहुने समेत व्यवस्था छ । निर्माण व्यवसायीले देहायको मिति तथा रनिङ्ग विल अनुसारको विजक जारि गरेकोमा निजको विजक नं सच्चाएर पेश गरेको तथा पालिकाले सोहि आधारमा भुक्तानी दिएको छ । यसरी नियमावलीको व्यवस्था विपरीत जारी विजकबाट देहायअनुसारको मू.अ.कर रकम भुक्तानी दिएको पाईएकोले सोको समायोजन पत्र पेश हुनुपर्दछ, रु.

| क्र.सं | निर्माण व्यवसायी | रनिङ्ग विल | विजक र मिति | विल रकम | मू.अ.कर रु. |
|---|---|---|---|---|---|
| १ | राजवीर-आँसु-पि.पि.जे.भी. | चौथो | ४।०८१।२।२८ | ११४६९४४७ | १३१९४९३ |
| २ | राजवीर-आँसु-पि.पि.जे.भी. | पाँचौ | ५।०८१।३।९ | ७५३४३३८।४२ | ८६६७८३।३० |
| | | | | **जम्मा** | **२१८६२७६।३०** |

| प्रमाण पेश नगरेको | २१,८६,२७६ |
|---|---|

१०८.६ सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायि संग ठेक्का सम्झौता भई तेस्रो रनिङ् बिल भुक्तानी गर्ने क्रममा सम्झौतामा उल्लेखित कामको परिमाण अनुसार भुक्तानि हुनु पर्नेमा आईटम न १२ को जम्मा परिमाण २८६.१९ सम्मको को मात्र भुक्तानि हुनुपर्ने देखिन्छ । तर उक्त आईटमको परिमाणमा जम्मा ३७६.४८ को भुक्तानि भएकोले बढी भुक्तानी भएको परिमाण ९०.२९ घ.मी को हुने रकम रु.८५७७५५।- सम्वन्धमा प्रमाण पेश हुने अन्यथा सम्बन्धित निर्माण व्यवसायिबाट असुल गर्नुपर्ने, रु.

| असुल गर्नुपर्ने | ८,५७,७५५ |
|---|---|

१०९ **सौर्य बत्ती जडानः**

१०९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र अन्तर्गतका नविकरणिय उर्जा प्रविधि जडानका लागि विभिन्न नविकरणिय उर्जा प्रविधिहरुको अधिकतम सन्दर्भ मूल्य निर्धारण गरी सोही आधारमा सौर्य बत्ती सम्बन्धित खरिद तथा जडान कार्यका लागि लागत अनुमान तथा खरिद कार्य गर्नु पर्दछ । पालिकाले संघ सशर्त कार्यक्रम अन्तर्गत नविकरणिय उर्जा प्रविधि जडानका लागि विनियोजन भएको रु ८ लाख बजेटको सूचना प्रकासन तथा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सन्दर्भ मूल्य तथा टेक्निकल स्ट्याण्डर्ड र स्पेशिफिकेसनको आधार नलिई लागत अनुमान तयार गरेको छ । पालिकाले सो लागत अनुमान तयार गर्दा लाग्ने यथार्थपरक लागत अनुमान तयार नगरी तथा सौर्य बत्ती तथा पार्टसको वारेन्टी खुलाउनुपर्नेमा सो समेत नखुलाई रु.७९९८२०।-को लागत अनुमान तयार गरी २०८०।९।१३ मा स्विकृत गरेको छ । सो सम्वन्धमा देखीएको विवरण निम्नानुसार छन ।

१०९.२ ( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **११,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१०९.३

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७९८,४८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

११० **बढी भुक्तानी :**

११०.१ सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले देहायको योजनाहरूमा उपभोक्ता समितिको योगदान भन्दा बढि भुक्तानी दिएको पाईएकोले बढी भुक्तानी रकम असूल हुनुपर्दछ ।

(क) कट्जेनी फुट्से टाकुरा बाटो मर्मत उपभोक्ता समिति मार्फत कार्य गर्दा मिति २०८०।७।२१ मा जनश्रमदान सहित रु. ११३५३७।८५ मा काम सम्पन्न गर्ने गरि सम्झौता भएकोमा कार्यस्वीकारमा जनश्रमदान बाहेक रु ८०८६७।०३ उल्लेख गरिएको छ । पालिकाले गो.भौ. ३५।०८०।९।१९ बाट भुक्तानी दिदा रु.९९०००।-दिएकोले बढि भुक्तानी भएको रकम रु.

| असुल गर्नुपर्ने | १६,१३२ |
|---|---|

११०.२ वस्ती स्तरिय सडक निर्माण उपभोक्ता समिति मार्फत कार्यगर्दा लागत अनुमानमा जनश्रमदान १५.५४% हुनुपर्नेमा कार्यसम्पन्न हुँदा १४.१४ भएकोले भुक्तानी रु.५२४८२५।-मात्रै हुनुपर्नेमा गो.भौ.३३।२०८०।९।१८ मार्फत रु.५३३५००।-भुक्तानी भएको देखिएकोले बढि भुक्तानि रु.

| असुल गर्नुपर्ने | ८,६७५ |
|---|---|

१११ **सडक वोर्ड अन्तर्गतको मोटरबाटोः**

१११.१ पालिकाले धारापानि देखि खार ढुङ्गासम्म जोडने मोटरबाटोमा ०+००० देखि ०+७०२.५ चेनेजसम्म स्ट्रक्चरको कार्य तथा १८०० मी कच्चिनालाको कार्यगर्ने एवं तल्लो सारी झोल-गायकखर्क हुदै स्यानिलेक सडकमा ०+००० देखि ०+३१२ चेनेजसम्म मोडहरूमा बाटो विस्तार गर्ने कार्यको लागि रु.७५६७९९२।९० को लागत अनुमान तयार गरी पालिकाबाट २०८०।९।२५ मा तथा सडक वोर्ड नेपालबाट २०८०।१०।२६ मा स्विकृत गरेको छ । सो सडकको कार्य गर्नको लागि २०८०।१०।२६ मा ठेक्का नं ०८\SDM\NCB\०८०\०८१ को सूचना आव्हान गरेकोमा प्राप्त ६ फर्मको प्रस्ताव मध्ये सबैभन्दा कम कवोल रु.३५५१८२३।१०(४५.७५%कम कवोल) फर्म अकृशा निर्माण सेवाको वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग रु.४१८३५६०।१०(पि.एस.र मू.अ.कर सहित) मा २०८३।३।३० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८१।२।१ मा सम्झौता भएको छ । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

१११.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा निर्माण व्यबसायी वा आपुर्तकले समझौता बमोजिमको कार्य सम्पादन जमानत राख्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले उल्लेखित निर्माण कार्यको ठेका व्यवस्थापन विधुतिय प्रणाली मार्फत गरेकोमा सोको मूल्याङ्कनमा रु.४१८३५६०।१०( पि.एस.र मू.अ.कर सहित) को कार्यसम्पादन जमानत रु.१५८७१६६।५६ हुने उल्लेख छ । तर पालिकाले २०८१।१।३१ मा सम्झौताको लागि आव्हान गर्दा रु.१२५२४८३।-को मात्र कार्यसम्पादन जमानत माग गरेकोमा सोहि अनुसारको कार्यसम्पादन जमानतको आधारमा सम्झौता गर्दा रु.३३४६८४।५६ कमको कार्यसम्पादन जमानत पेश भएको छ । पालिकाले २०८१।३।२१ सम्ममा कार्यसम्पन्न गर्ने गरी रु.४१८३५६०।१० मा २०८१।२।१ मा सम्झौता गरेकोले सिस्टमबाट देखाएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने देखिन्छ, रु.

| प्रमाण पेश नगरेको | ३,३४,६८५ |
|---|---|

१११.३ सार्वजनिक खरिद नियमावली, २०६४ को तेह्रौ संशोधन अनुसार नियम १२०(क) मा नियम प्रारम्भ हुँदाका बखत प्रचलित कानूनबमोजिम म्याद थप भईचालु रहेका वा म्याद सकिएका वा म्याद थप हुन नसकेका तर खरिद सम्झौता बमोजिमको काम चालु रहेका खरिद सम्झौतामा डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थलको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामाग्रीको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद् परेको लगायतको कारणबाट सम्झौताबमोजिमको अवधिभित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यस्ता आयोजनाको निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याइँ र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाइ संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबद्धता सहित यो नियम जारी भएको मितिले तीस दिनभित्र निवेदन दिएमा उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी तथा कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । तर उल्लेखित निर्माण कार्यको २०८१।३।२१ सम्मको म्याद अवधी रहेको तथा निवेदन पेश भएको मितिसम्म निर्माण व्यवसायीले कार्य प्रारम्भ गरेको नदेखिएकोमा समेत निर्माण व्यवसायीले दिएको निवेदन अनुसार कार्यपालिकाको २०८१।३।१६ को निर्णयअनुसार हर्जना रहितको म्याद थप गरेको छ । पालिकाले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५९ अनुसारको कारवाही हुनुपर्नेमा सोहि निर्माण व्यवसायीलाई २०८१।६।३० सम्मको म्याद थप गरेको छ । तर यस बर्ष तथा लेखापरीक्षण अवधी (२०८१ भाद्र १७) सम्म पनि सो निर्माण कार्यको भौतिक प्रगति शुन्य छ, यसरी निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ ।

११२ **बाजिपुर लिफ्ट सिंचाई आयोजनाः**

११२.१ पालिकालाई यस बर्ष संघिय बिशेष अनुदान अन्तर्गत बाजिपुर लिफ्ट सिंचाई आयोजना निर्माणको लागि रु.७००००००।-वजेट व्यवस्था भई निकासा भएको पाईयो । पालिकाले ३.२ डाई मिटरको ईनार बनाई १२३५ मि.माथि लिफ्टिङ्गबाट पानि माथि लाने, २१० घन मि.को कलेक्सन ट्याङ्कि बनाई ११.७ कि.मि.को पाईप लाईन खन्ने सहितको कार्य निर्माणको लागि रु.२७९२६३०८।५३ को लागत अनुमान २०७५।७६ को डि.पि.आर अनुसार तयार गरी स्विकृत गरेको छ । सो कार्य गर्नको लागि २०८०।१०।५ मा ठेक्का न ०८\SDM\NCB\०८०\०८१ बाट सूचना आव्हान गरेकोमा प्राप्त ३ वोलपत्र मध्ये आर्थिक प्रस्तावमा सबैभन्दा कम कवोल रु.१५२९४९८१।७०(२४.६४%कम कवोल) फर्म शर्मा।जगन्नाथ।पद्ममा जे.भि.को वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग रु.१७७९७३२९।३२(मू.अ.कर सहित) मा २०८३।३।१० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८१।१।१८ मा सम्झौता भएको छ । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

११२.२ निर्माण व्यवसायीलाई ठेक्का सम्झौता अनुसारको पेश्कि रकम गो.भौ.३३।०८१।२।९ बाट रु.१८०००००।-तथा गो.भौ.३४।०८१।२।१८ बाट रु.१७६००००।-गरी जम्मा रु. भुक्तानी दिएको छ । यस बर्ष सो कार्यको प्रथम रनिङ्ग विल वापतको गो.भौ.५७।०८१।३।२२ बाट रु.३३७००००।-भुक्तानी भएकोमा कार्य प्रगति १५ प्रतिशत मात्रै देखिन्छ । पालिकाले समयमा कार्य गराउने तर्फ पहल गर्नुपर्ने देखिन्छ ।

११२.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भेडाबारी उदयपुरकोट वृहत लिफ्ट खानेपानी आयोजना कार्यक्रमको लागि शर्मा।जगन्नाथ।पद्ममा जे.भि.लाई गो.भौ.३३।०८१।२।९ बाट रु.१८०००००।-तथा गो.भौ.३४।०८१।२।१८ बाट रु.१७६००००।-गरी जम्मा रु.३३६०००००।–मोविलाईजेशन पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट हुन वाँकि रहेकोले सोको अभिलेख व्यवस्थित गरी पेश्की फर्स्यौट गर्नुपर्दछ ।

| पेश्की |
|---|

११३ **सचिवालय सहयोगीः**

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्।त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद राख्न नहुने उल्लेख छ। तर पालिकाले नगर प्रमुखको सचिवालय सहयोगीको रुपमादिल बहादुर घर्ती र उपप्रमुखको सचिवालय सहयोगीको रुपमा अनिता पूनमगरलाई नियुक्ति गरी मासिक क्रमश: २०००० र १८००० भुक्तानी गर्ने गरी बार्षिक जम्मा रु ३९६०००।-खर्च लेखेको पाईएकोले सो खर्च लेख्न पाउने प्रमाण पेश हुने, रु

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ११३.१ | अनिता पूनमगर | २१६,००० |
| ११३.२ | दिल बहादुर घर्ती | १८०,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९६,००० |

११४ **खानेपानी बिल भुक्तानीः**

पालिकाले आर्थिक अवस्था कमजोर भएका घरपरिवारलाई खानेपानीको बिल अनुरुप दुई वटा उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। पालिकाले कार्यविधि विपरीत यस्ता सस्तो लोकप्रियता हासिल हुने कार्यक्रममा खर्च गर्दा दिर्घकालिन प्रतिफल दिने तथा आन्तरीक श्रोत समेत ध्यान दिई खर्च गर्नुपर्ने देखिन्छ।

| **उपभोक्ता समिति** | **रकम** |
|---|---|
| उपल्लो सारी खानेपानी तथा सरसफाई उ. स | ४४१६० |
| सारी सामुदायिक खानेपानी उ. स | ५५४४० |
| **जम्मा** | **९९६००** |

११५ **खरिद समितिको बैठक भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १५ मा अघिल्लो आ.व. को भुक्तानी दिन सकिने खर्चमा तलब स्वीकृत दरवन्दीको महंगी भत्ता, स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न औषधि उपचार बन्दीको सिधा सेवा निवृत्त सुविधा स्वीकृत बार्षिक कार्यक्रम समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग सम्झौता बमोजिमको रकम मात्र प्रमाणित गराइ भुक्तानी हुन सक्ने व्यवस्था छ । तर पालिकाले नियमावली अनुसार तोकेको भन्दा वाहिरको भुक्तानी बाँकिको कच्चावारी राखि भुक्तानी गर्नु कानूनसम्मत नदेखिएको रु.

| **गो भौ नं** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| ७।२०८०।५।१ | गत वर्षको खरिद समितिको बैठक | ४०१२०० | विष्णु खनाल |
| ६।२०८०।५।१ | गत वर्षको खरिद समितिको बैठक | ४२६७०० | विष्णु खनाल |
| ३०।२०८०।५।११ | बजेट सिमा निर्धारण समिति लगायत विभिन्न बैठकको भत्ता रकम भुक्तानी | २७९६५० | ऋषिकेश भण्डारी |
| ८९।२०८०।६।८ | कार्यपालिकाको निर्णयानुसार भाडामा बसेका घरको मर्मतको क्षतिपूर्ति रकम | ५४०००० | नारायण प्रसाद श्रेष्ठ<br>सुवर्ण कुमार श्रेष्ठ |
| ४९१।२०८०।११।४ | अनिता पुन मगर | २१२७६० | सचिवालय खर्च अघिल्लो वर्षको |
| | डिल बहादुर घर्ति मगर | २३६४०० | |
| | **जम्मा** | **२०९६७१०** | |

| | |
|---|---|
| अनियमित भएको | २०,९६,७१० |

११६ **दोहोरो भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

११७ **स्वर्गद्वारी कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)**

११७.१ यस परियोजनाको मुख्य लक्ष्य गरिबी निवारणका दीर्घकालिन परियोजना सञ्चालन गर्ने उद्देश्यले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्नु रहेको छ । यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आवद्ध महिला लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरु तथा सहकारीमा आबद्ध गरी सामाजिक पूँजीको अभिबृद्धी गर्नु, सुधारिएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट वाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बाख्रा बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण श्रृजना गर्नु रहेको छ । परियोजनाको मुख्य गतिविधिहरुमा पशु खरिद तथा ढुवानी, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र आदि रहेका छन् । स्वर्गद्वारी कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु ६,१४,२८,५७२ को लागत साझेदारीमा मिति २०८३ असार १६ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९।०८।२९ मा सम्झौता भएको छ । कुल लागत मध्ये ७०% ले हुने रकम रु ४३०००००० पालिकाले र बाँकी ३०% ले हुने रकम रु १८४२८५७२ हेफरले व्यहोर्ने व्यवस्था रहेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु. ७५१०९२६।- भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

११७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७९ बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत पेश्की दिएको नियम सम्मत देखिएन ।

११७.३ पालिका र हेफर नेपाल बीच सम्झौता भएकोमा शत प्रतिशत कार्य फुलबारी एकीकृत ग्रामीण विकास संस्था नेपाल मार्फत गराएको छ। हेफर नेपाल संस्थावाट फुलबारी एकीकृत ग्रामीण विकास संस्था मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।

११७.४ सम्झौताको बुदा न ९ अनुसार संचालित कार्यक्रमको व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन् ।

११७.५ सम्झौताको वुँदा नं. ८ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त

उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

११७.६ स्वर्गद्वारी नगरपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को वुँदा नं. १७ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप उपलब्ध गाराउनु पर्ने व्यवस्था छ।कुनै पनि पेश्की रकम भुक्तानी दिँदा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले सिफारिस गरेको देखिएन ।

११७.७ पालिकाले आफ्ना कर्मचारीहरुबाट गराउन सक्ने कार्यक्रमहरु कार्यालयका कर्मचारीहरु परिचालनबाट गराएको हुनुपर्दछ।पालिकाले यस कार्यक्रमवाट कार्यान्वयन गर्ने बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै गराउन सक्नेमा कर्मचारीहरुवाट नगराई परमर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन।अत : कार्यालयका कृषि शाखा तथा पशु शाखामा कार्यरत कर्मचारीहरुलाई प्रभावकारी रुपमा उपयोग गरिनु पर्दछ ।

११७.८ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशीलता विकास परियोजना सञ्चालनको लागि तीन वर्षको लागि सम्झौता गरेकोमा पालिकाबाट गर्ने खर्च मध्ये अनुगमन र मूल्याङ्कनमा रु. ७४६२४१।- तालिममा रु. ९२८६८७।- समेत रु. १६७४९२८।- हेफरलाई किस्तामा उपलब्ध गराएको छ । कार्यक्रम कार्यान्वयन गर्ने निकाय स्वयं आफैले नै अनुगमन गर्न समेत मिल्ने देखिदैन । पालिकामा रहेका स्थायी दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेर व्ययभार बढाएको देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,७४,९२८ |

११७.९ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.करमा दर्ता भएकाबाट गर्नुपर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु.७५१०९२६।- भुक्तानी गरेको र हेफर प्रोजेक्टले फुलबारी एकीकृत ग्रामीण विकास संस्था मार्फत कार्यक्रम कार्यान्वयन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्रसरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैँक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य अनियमित देखिन्छ ।

११७.१० स्वर्गद्वारी नगरपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को वुँदा नं. १८ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले चौमासिक अनुगमन तथा मूल्यांकन गर्नुपर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने र सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइनेछ भन्ने व्यवस्था छ।कार्यविधिको व्यवस्था विपरीत खरिद सम्झौतामा व्यवस्था राखी हेफर प्रोजेक्ट नेपाललाई चौमासिक रुपमा पेश्की दिई कार्यसम्पन्न भएको छ।जसले गर्दा अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गरी समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइने व्यवस्था लागू हुने अवस्था देखिन्न।पालिकावाट कार्यक्रमको उपलब्धी र प्रभावका वारेमा विश्लेषण गरेको देखिएन । कार्यविधिको प्रावधान विपरीत अन्तिम किस्ता समेत पेश्कीको रुपमा भुक्तानी दिनु नियम सम्मत भएन ।

११७.११ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

११८ **जे.सि.वि.खरीदः**

११८.१ पालिकामा अत्यावश्यक रहेको जनाई २०८०।४।२४ मा कार्यालय प्रमुखको संयोजकत्वको खरीद समितिले क्याटलग सपिङ्ग विधीबाट व्याकहोल लोडर खरीद गर्ने निर्णय गरेको पाईयो । सोहि मितिमा खरीद समितिले स्पेशिफिकेशनको लागि मेकानिकल ईन्जिनियरलाई लागत अनुमानको जिम्मेवारी समेत दिएकोमा २०८०।४।२८ मा मेकानिकल ईन्जिनियरले स्पेशिफिकेशन (Operating Weight not less then ८०००kg, Dump height ≥२८००mm, Load over height ≥३२५० ) सहित रु.५३०००००।-को लागत अनुमान पेश गरेको पाईयो । पालिकाले २०८०।४।२९ मा क्याटलग सपिङ्गको सूचना जारि गरेकोमा तिन आपूर्तिकर्ताको प्रस्ताव परेकोमा २०८०।५।१५ को प्राविधिक पक्ष्यको मूल्याङ्कनमा दुगड अर्थमोभर्स प्रा.ली.(टाटाको आधिकारीक विक्रेता) प्रस्तावमा स्पेशिफिकेशनको दुई नम्वर आईटम Back hole bucket tear out force ५५५०kgf हुनुपर्नेमा ५५३५kgf मात्र रहेको आधारमा वाँकि दुई प्रस्तावको मात्रै आर्थिक प्रस्तावको लागि सिफारीस गरेको पाईयो । पालिकाले सो दुई प्रस्ताव मध्ये सवैभन्दा कम कवोल गर्ने फर्म केशरी चन्द्र भवरलालसँग २०८२।७।१९ सम्ममा आपूर्ति गर्ने गरी २०८०।६।१८ मा रु.४८२५०००।-को सम्झौता भएको पाईयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

११८.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) मा खरिद सम्झौता उल्लंघन भई उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ । सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ भन्ने व्यवस्था छ। पालिकाले तोकेअनुसारको समयावधिमा सामान आपूर्ति गर्न नसकेको कारण आपूर्तिकर्ताले २०८० कार्तिक मसान्तसम्मको म्याद थप गरीदिन आग्रह गर्दै २०८०।७।१९ मा निवेदन पेश गरेको पाईयो । खरीद समितिले २०८०।७।२१ मा केशरी चन्द्र भवरलालसँग भएको सम्झौताको शर्तको पालना नभएकोले निजको जमानत जफत गरी दोस्रो घटी कवोल फर्मलाई सम्झौताको लागि आव्हान गर्ने निर्णय गरेको पाईयो । सो निर्णय अनुसार दोस्रो घटि कवोल गर्ने फर्म म अर्थर भुमर प्रा.ली.सँग २०८०।९।८ सम्ममा सामान आपूर्ति गर्ने गरी २०८०।८।१७ मा रु.५३९००००।-मा सम्झौता गरेको पाईयो । पालिकाले सवैभन्दा कम कवोल गर्ने फर्म केशरी चन्द्र भवरलालले जे.सी.वी.आपूर्ति नगर्नाले दोस्रो घटि कवोल गर्ने फर्म एम.ए.डव्लु.अर्थर भुमर प्रा.ली.सँग खरीद गर्दा बढी व्ययभार परेको रकम रु.५३५०००।-सम्वन्धित फर्मबाट असूल गराउनुपर्नेमा असूल गरेको नपाईएकोले असूल हुनुपर्दछ, रु.

| असुल गर्नुपर्ने | ५,३५,००० |
|---|---|

११८.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक

व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । सो तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

११९ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले देहायको संस्था तथा फर्महरूलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.८२३६३०६।-फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| **क्र.सं** | **फर्म।व्यक्ती** | **प्रयोजन** | **म्याद ननाघेको** | **म्याद नाघेको** |
|---|---|---|---|---|
| १ | के आर के कन्स्ट्रक्सन | स्वर्गद्वारी नगरपालिकादेखि जिमुरपाटासम्म जोड्ने सडक तथा भिंग्री स्वास्थ्य केन्द्र घुम्ती सडक निर्माण | | १०,००,०००।- |
| २ | के आर के कन्स्ट्रक्सन | नगरपालिका भवन देखि जिमुरपाटा सम्म जोड्ने सडक तथा भिङ्ग्रि स्वास्थ्यकेन्द्र घुम्ती सडक निर्माण | | ११,७६,३०६।- |
| ३ | शर्मा । जगन्नाथ । पदमा जे.भी. | बाझिपुर लिफ्ट सिचाई आयोजना स्व.न.पा-४ | | १८,००,०००।- |
| **४** | शर्मा । जगन्नाथ । पदमा जे.भी. | बाझिपुर लिफ्ट सिचाई आयोजना स्व.न.पा-४ | | १७,६०,०००।- |
| **५** | जलजला–स्वर्गद्वारी जे.भी. | देउराली सालवांग थापाखार्क निन्ला छहरेखोला लिफ्ट खानेपानी आयोजना स्व.न.पा.-६ | ९३,१७,०००।- | |
| ६ | नेपाल विद्युत प्राधिकरण | नगरपालिका मातहतका मुख्य सडकहरुमा दुर्घटना न्युनिकरणका लागि नेपाल विद्युत प्राधिकरणसँग साझेदारी गरि सडक बत्ती जडान | | २५,००,०००।- |
| | | **जम्मा** | **९३१७०००।-** | **८२३६३०६।-** |

| | |
|---|---|
| पेश्की | ८२,३६,३०६ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०८० बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा प्रथम किस्ता ७५% गो.भौ.२२६।०८०।१२।२६६ बाट रु.३५८७८०८।२३ र पुनः थप निकासा गो.भौ.३८८।०८१।३।११ बाट रु.११६६०००।-गरी जम्मा रु.४७५३८०८।२३ विभिन्न ५३ विद्यालयहरुलाई मागका आधारमा निकासा दिएको पाईयो । तर यसरी विद्यालयहरुलाई रकम निकासा दिंदा देहायका विद्यालयहरुलाई IEMIS मा भएको तथ्याङ्क भन्दा बढीलाई तथा कक्षा ८, कक्षा ९ तथा कक्षा १० मा अध्ययनरत विद्यार्थिहरूको लागि स्थानिय पाठ्यपुस्तकको साथै अन्य पुस्तकको समेत रकम जोडेर रु.७८८११५।-रकम बढी निकासा दिएको पाईयो । उक्त रकम असूल गरी संघिय संचितकोष खातामा पठाउनुपर्ने देखिएको, रु. | १,२६,७९९ |

| क्र.सं. | विद्यालय | निकासा दिनुपर्ने | निकासा | बढि |
|---|---|---|---|---|
| १ | अमर मा वि | ३८६९४६ | ३९८९८९ | १२०४३१ |
| २ | शिशु कल्याण आ वि | ५८९४० | ६५३०८ | ६३६८ |
| | | | **जम्मा** | १२६७९९ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : स्वर्गद्वारी नगरपालिका, प्युठान , स्वर्गद्वारी नगरपालिका , प्यूठान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मोहन पौडेल | २०८०-४-१७ | २०८०-११-४ |
| कार्यालय प्रमुख | तुल्सीराम गैरे | २०७९-४-१० | २०८०-४-४ |
| कार्यालय प्रमुख | भोज बहादुर भण्डारी | २०८०-११-१७ | २०८१-६-२० |
| कार्यालय प्रमुख | केशवराज भट्टराइ | २०८१-१२-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | धन बहादुर ओली | २०७८-९-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,७३४,१२९.५४ | ३०,७०८,५९०.३२ | १५,२३२,२१९ | ० | ० | ८,२३६,३०६ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५६,९११,२४४.८६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४,३७४,६१६.३२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | १२६,७९९ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५२,६६३,४२७.५४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५६००६४६१.९५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५६८३५४१७५ | चालु खर्च | ५१३००७७६९.५२ |
| प्रदेश सरकारबाट अनुदान | ३१८८०१७४.३३ | पूँजीगत खर्च | २१२०६६७१६.११ |
| राजश्व बाँडफाँट | १०१४८२८९३ | वित्तीय/अन्य व्यवस्था | ४२९४३०३.५९ |
| आन्तरिक आय | १९८८६६३७.५४ | | |
| अन्य आय | १४६८७१६४.९ | | |
| कुल आय | ७३६२९१०४४.७७ | कुल खर्च | ७२९३६८७८९.२२ |
| बाँकी मौज्दात | | ६२९२८७१७.५ | |

## बेरूजु दफा ८ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मकोआम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पतीकर | ४५,००,०००.०० | ५२,६१,६३७.९९ | ११६.९३% |
| २ | भुमिकर/मालपोत | ३५,००,०००.०० | ४७,६५,२४२.४७ | १३६.१५% |
| ३ | वहाल कर | १०,१०,०००.०० | ७,८८,१३३.१५ | ७८.०३% |
| ४ | वहालविटौरी कर | ११,८०,०००.०० | ५,११,५३०.०० | ४३.३५% |
| ५ | अन्यमनोरञ्जन कर | १,००,०००.०० | ०.०० | ०.००% |
| ६ | व्यवसायलेभुक्तानी गर्ने | ०.०० | २६,५४०.०० | ०.००% |
| ७ | अन्य कर | ११,००,०००.०० | ३,७९,२०७.०० | ३४.४७% |
| ८ | अन्यबिक्रीबाट प्राप्त रकम | ४५,००,०००.०० | २,९८,७००.०० | ६.६४% |
| ९ | अन्य सेवाशुल्क तथा बिक्री | ०.०० | ४,९८०.०० | ०.००% |
| १० | न्यायिकदस्तूर | १०,०००.०० | १६,८००.०० | १६८.००% |
| ११ | शिक्षाक्षेत्रको आम्दानी | ०.०० | ४,६५०.०० | ०.००% |
| १२ | परीक्षाशुल्क | १,००,०००.०० | ३६,८००.०० | ३६.८०% |
| १३ | अन्यप्रशासनिक सेवा शुल्क | २,००,०००.०० | २७,०००.०० | १३.५०% |
| १४ | पार्किङ्गशुल्क | ०.०० | १,५५,७०५.०० | ०.००% |
| १५ | नक्सापासदस्तुर | ५,००,०००.०० | १,१०,९७३.०६ | २२.१९% |
| १६ | सिफारिशदस्तुर | २५,००,०००.०० | २४,७०,४३०.०० | ९८.८२% |
| १७ | व्यक्तिगतघटना दर्ता दस्तुर | ५,००,०००.०० | ५,७१,२००.०० | ११४.२४% |
| १८ | नाताप्रमाणित दस्तुर | १,००,०००.०० | १,५०,२००.०० | १५०.२०% |
| १९ | अन्यदस्तुर | ०.०० | ६,४०,४६६.३९ | ०.००% |
| २० | अन्यक्षेत्रको आय | ०.०० | २,४००.०० | ०.००% |
| २१ | न्यायिकदण्ड, जरिवाना र जफत | ०.०० | ७००.०० | ०.००% |
| २२ | प्रशासनिकदण्ड, जरिवाना र जफत | २,००,०००.०० | १,७४,५४५.९८ | ८७.२७% |
| २३ | प्रदुषणनियन्त्रण शुल्क | ०.०० | ४,२४,३००.०० | ०.००% |
| २४ | व्यवसाय कर | २०,००,०००.०० | २५,४४,५५२.५० | १२७.२३% |
| २५ | बेरूजू | ०.०० | ५,१९,९४४.०० | ०.००% |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | दहत्तर बहत्तर | ३५०००००० | ५०९९२९४ | १४५.६९% |
| जम्मा | | २५५०००००० | २४९८५९३१.५४ | ९७.९८% |

## बेरूजु दफा ९ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि नं | राजश्वको नाम | २०७९।२०८० को असुली | २०८०।२०८१ को असुली | बढी।घटी |
|---|---|---|---|---|
| १ | व्यवसायकर -११६१३ | १०२१०४० | २५७१०९२।५ | ५।१६ |
| २ | सम्पत्तिकर -११३१३ | ३६७६४७८।३३ | ५३०१२०८।४६ | १३।१६ |
| ३ | अन्यकर -११६९१ | २०७४९१२ | ८०३३७७।३९ | ६१।१३ |
| ४ | घर।जग्गाबहाल कर -११३२१ | ७७७४१५।९१ | ८२३०५८।१५ | २४।४६ |
| ५ | टेण्डरफर्म तथा अन्य प्रशासनिक सेवा शुल्क -१४२२९ | | २६९००१ | २६९००१ |
| ६ | डण्डतथा जरिवाना -१४३१२ | २९४५६५।४३ | १७५२४५।९८ | ४५।१२ |
| ७ | नक्सापासदस्तुर -१४२४२ | ६४७८८ | ११०९७३।०६ | ०।६५ |
| ८ | न्यायिकदस्तुर - १४२२१ | १०८०० | १६८०० | ६००० |
| ९ | नाताप्रमाणित दस्तुर -१४२४५ | ६६९५० | १५०२०० | ८३२५० |
| १० | परीक्षाशुल्क -१४२२४ | २६०३५० | ३६८०० | २२३५५० |
| ११ | बहालबिरौटी कर -११३२२ | २८६०९०।६० | ५११५३० | ४२२५४३९ |
| १२ | व्यक्तिगतघटना दस्तुर -१४३४४ | ४६९८५० | ५७१२०० | १०१३५० |
| १३ | सिफारिसदस्तुर -१४२४३ | २१७०५८९ | २४७०४३० | २९९८४१ |
| १४ | प्रदुषणनियन्त्रण शुल्क | | ४२४३०० | ४२४३०० |
| १५ | बेरुजु | | ५१९९४४ | ५१९९४४ |
| १६ | पार्किङशुल्क | | १५५७०५ | १५५७०५ |
| १७ | मालपोत (घर जग्गा रजिष्ट्रेसन बापत) | ३०८५४१३ | ४७२५६७२ | १६४०२५९ |
| १८ | कवाडी | | २५०१०० | २५०१०० |
| १९ | बिज्ञापनकर | | ० | ० |
| २० | गिट्टी बालुवा | ३१२०६०० | ३८४०६०० | ७२०००० |
| जम्मा | | १७३७९८४२।२७ | २३७२७२३७।५४ | २७।६४ |

## बेरूजु दफा ५६ सँग सम्बन्धित विवरण - अनुसूची -५

| सि.नं | विद्यालय | वालविकास शिक्षक | पालिका अनुदान वालविकास शिक्षक | विद्यार्थी संख्या |
| --- | --- | --- | --- | --- |
| १ | जनता मा.वि. बर्जिवाङ | ४ | | ४९ |
| २ | शिशुकल्याणआ.वि.दहचौर | २ | | ३० |
| ३ | झूपाकोट प्रा.वि. थापाखर्क, | २ | १ | २५ |
| ४ | जनसम्पर्क प्रा.वि., तिमिले, | २ | १ | ३५ |
| ५ | सूर्योदय मा.वि. वेल्वास | १ | | १६ |
| ६ | जन उज्वल प्रा.वि.,खन्नेखोला | १ | १ | १० |
| ७ | बालज्योति प्रा.वि., वेल्वास | १ | | ६ |
| ८ | जनजागृति प्रा.वि., किमिचौर | १ | | ९ |
| ९ | सिद्ध ेश्वरी आ.वि. नेवारे भिंगृ | १ | १ | १२ |
| १० | शिवशक्ति प्रा.वि.,मदनपुर भिंगृ | १ | | ७ |
| ११ | अमर मा.वि. भिंगृ | १ | | २० |
| १२ | जनता ने.रा.प्रा.वि., भिंगृको६ | १ | | १२ |
| १३ | स्वर्गद्वारीने.रा.आ.वि. | ३ | | ५० |
| १४ | विद्यानन्द मा.वि. | २ | | ३५ |
| १५ | छेडापोखरी प्रा.वि. | २ | | ३६ |
| १६ | गंगेश्वरी आ.वि. | २ | १ | २४ |
| १७ | जनता प्रा.वि.,कालिपोखरी | १ | | १७ |
| १८ | बालकल्याणप्रा.वि.सिमले | २ | | ३२ |
| १९ | गोठिवाङ प्रा.बि. | १ | | २९ |
| २० | जनप्राणीप्रा.वि. | १ | १ | १७ |
| २१ | ने.रा.मा.वि कोचिवाङ | २ | | ५४ |
| २२ | अम्बेश्वरी प्रा.वि. रुम | १ | | ६ |
| २३ | श्री ने.रा.प्रा.वि. | २ | | २४ |
| २४ | शान्ति प्रा.वि. | १ | | ७ |
| २५ | जनता ने.रा.प्रा.वि.जरुवाखेत | ३ | | ३४ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २६ | जनता प्रा.वि.सारी | ३ | | ३२ |
| २७ | जनता प्रा.वि. नोस स्वर्गद्वारी | २ | १ | १८ |
| | **जम्मा** | **६२** | **७** | **९४८** |

## बेरूजु दफा ५७ सँग सम्बन्धित विवरण - अनुसूची -६

| क्र.स | बिषय | सहभागी | A+ | A | B+ | B | C+ | C | D | NG | NG % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ६९६ | ० | १० | १३१ | ० | ० | २४३ | १६ | २४३ | ३४.९१ |
| २ | अङ्ग्रेजी | ६९६ | ७ | १३ | १०५ | ० | ० | ४०१ | १५ | ४०१ | ५७.६१ |
| ३ | गणित | ६९६ | ४७ | १२ | ९० | ० | ० | ४५६ | १६ | ४५६ | ६५.५२ |
| ४ | सामाजिक अध्ययन | ६९६ | १ | ० | १०८ | ० | ० | ३५२ | १५ | ३५२ | ५०.५७ |
| ५ | बिज्ञान तथा वाताबरण | ६९६ | ७ | ३ | ८४ | ० | ० | ४५० | १५ | ४५० | ६४.६५ |
| ६ | स्स्थ्य तथा शारिरिक | ६९६ | १ | ० | ९८ | ० | ० | २९६ | १३ | २९६ | ४२.५२ |
| ७ | कम्प्यूटर | ६९६ | १ | २ | ७० | ० | ० | ३७४ | १४ | ३७४ | ५३.७३ |
| | **जम्मा** | **६९६** | **६४** | **४०** | **६८६** | **०** | **०** | **२५७२** | **१०४** | **२५७२** | **५२.८५** |

## बेरूजु दफा ६७ सँग सम्बन्धित विवरण - अनुसूची -७

| वडा तथा जिम्मेवारी पदाधिकारी | राजस्व संकलन भएको अवधि | राजस्व दाखिला मिति | राजस्व रकम |
|---|---|---|---|
| वडा नं १<br>प्रकाश विष्ट मगर | साउन | २०८०।४।३१ | ११९५०।- |
| | भदौ | २०८०।५।३१ | १०६८.३३।- |
| | असोज | २०८०।६।३० | २६३९६.९१।- |
| | कार्तिक | २०८०।७।२४ | ९६०१.५६।- |
| | मंसिर | २०८०।८।३० | २७३०८.३१।- |
| | पुष | २०८०।९।२९ | १७७८२.०१।- |
| | माघ | २०८०।१०।२९ | १०४४०।- |
| | फागुन | २०८०।११।३० | १७२५५.७१।- |
| | चैत | २०८०।१२।३० | २९११४.८४।- |
| | बैशाख | २०८१।१।३१ | ५४८०५.४५।- |
| | जेष्ठ | २०८१।२।३२ | ७४०४३.१३।- |
| | असार | २०८१।३।३० | ११३०२.८३।- |
| | | **जम्मा** | **२९१०६९.०८।-** |
| वडा नं. २<br>खिमराज गिरी | साउन | २०८०।४।३२ | ३३०००।- |
| | भदौ | २०८०।५।३१ | ४०५४६.२३।- |
| | असोज | २०८०।६।३० | ५५२६८.६७।- |
| | कार्तिक | २०८०।७।२४ | ५६५३९.०३।- |
| | मंसिर | २०८०।८।२९ | ६३४४२.३४।- |
| | पुष | २०८०।९।२९ | ३१८४९.९२।- |
| | माघ | २०८०।१०।२९ | २८७२९.११।- |
| | फागुन | २०८०।११।३० | १८०६९.४३।- |
| | चैत | २०८०।१२।३० | ४०२७३.४३।- |
| | बैशाख | २०८१।१।३१ | ६५७९९.५९।- |
| | जेष्ठ | २०८१।२।३२ | १६५०९८.१२।- |

| | | | |
|---|---|---|---|
| | असार | २०८१।३।३० | ४१५७०८.५६।- |
| | | **जम्मा** | **१०१४३२४.४३।-** |
| वडा नं ३<br>शर्मिला राउत | साउन | २०८०।४।१४<br>२०८०।४।३२ | २९०५०।–<br>३२२०० |
| | भदौ | २०८०।५।३१ | ५७६००।- |
| | असोज | २०८०।६।३० | ११७६०५.५५।- |
| | कार्तिक | २०८०।७।२४ | ७५०११.२१।- |
| | मंसिर | २०८०।८।२९ | १०२१८३.१२।- |
| | पुष | २०८०।९।२९ | ४४८८९.३१।- |
| | माघ | २०८०।१०।२९ | ५७६१८.९०।- |
| | फागुन | २०८०।११।३० | ३४२३४.६७।- |
| | चैत | २०८०।१२।३० | ४४३३७.४१।- |
| | बैशाख | २०८१।१।३१ | ६६०९२.८२।- |
| | जेष्ठ | २०८१।२।३२ | ५३१७०.३२।- |
| | असार | २०८१।३।३० | १६३०२०.०५।- |
| | | **जम्मा** | **८१५७६३.३६।-** |
| वडा नं. ४<br>भोजबहादुर भण्डारी | साउन | २०८०।४।३२ | ३३२२५।- |
| | भदौ | २०८०।५।३१ | ५८५०८।- |
| | असोज | २०८०।६।३० | ११९२७१.८७ |
| | कार्तिक | २०८०।७।२३ | १०५९९२.१७।- |
| | मंसिर | २०८०।८।२८ | १७१३१४.८५।- |
| | पुष | २०८०।९।२९ | ९२१३२.३।- |
| | माघ | २०८०।१०।२९ | ९३२५६.४।- |
| | फागुन | २०८०।११।३० | १२६३८६.११।- |
| | चैत | २०८०।१२।३० | १०८७८५.२७ |
| | बैशाख | २०८१।१।३१ | १०४८४८.११।- |
| | | | |

| | | | |
|---|---|---|---|
| | जेष्ठ | २०८१।२।३२ | ८१०९३.९३।- |
| | असार | २०८१।३।३० | १०५८७६.६९।- |
| | | **जम्मा** | **१०९१९०५.४३।-** |
| वडा नं. ५<br>बालाराम बिष्ट | साउन | २०८०।४।३२ | ४७८५० |
| | भदौ | २०८०।५।३१ | २५६३९.७८।- |
| | असोज | २०८०।६।३० | १८९८२७.७७।- |
| | कार्तिक | २०८०।७।२४ | ३४२७५.७०।- |
| | मंसिर | २०८०।८।२९ | १०८१००.५६।- |
| | पुष | २०८०।९।२९ | ९९९००.५३।- |
| | माघ | २०८०।१०।२९ | ५३१५३.४२।- |
| | फागुन | २०८०।११।३० | ५७८११.९४।- |
| | चैत | २०८०।१२।३० | ५१९१०.६०।- |
| | बैशाख | २०८१।१।३१ | ८००१८.५८।- |
| | जेष्ठ | २०८१।२।३२ | ७२१६६.८।- |
| | असार | २०८१।३।३० | १६१४६२.५७।- |
| | | **जम्मा** | **९८२११८.२५।-** |
| वडा नं. ६<br>लोकेन्द्र खड्का | साउन | २०८०।४।३२ | २९५०।- |
| | भदौ | २०८०।५।३१ | ३०७१५.४६।- |
| | असोज | २०८०।६।३० | १२८८९५.२१।- |
| | कार्तिक | २०८०।७।२४ | ३११४२.०७।- |
| | मंसिर | २०८०।८।२९ | ४६१०३.५४।- |
| | पुष | २०८०।९।२९ | २६९७६.७९।- |
| | माघ | २०८०।१०।२९ | १८२२८.९५।- |
| | फागुन | २०८०।११।३० | १६७८६.२३।- |
| | चैत | २०८०।१२।३० | २३५७५.१२।- |
| | | | |

| | | | |
|---|---|---|---|
| | बैशाख | २०८०।१।३१ | ३८६६४.०६।- |
| | जेष्ठ | | |
| | असार | २०८०।३।२<br>२०८०।२।३० | २४९८०.७७।–<br>१८२०६.२८।- |
| वडा नं. ७<br>टिका के. सी. | | **जम्मा** | **४०७२२४.४५।-** |
| | साउन | २०८०।४।७<br>२०८०।४।३२ | १८७६०।–<br>१४१५०।- |
| | भदौ | २०८०।५।३१ | ७७३१७.९९।- |
| | असोज | २०८०।६।३० | ९९९७२.४२।- |
| | कार्तिक | २०८०।७।२४ | ५७६९५.६७।- |
| | मंसिर | २०८०।८।२९ | ७५४४०.५५।- |
| | पुष | २०८०।९।२९ | ४८३१३.४७।- |
| | माघ | २०८०।१०।२९ | ४४२१३.७४।- |
| | फागुन | २०८०।११।३० | ४५८२५.७०।- |
| | चैत | २०८०।१२।३० | ३६४६८.२४।- |
| | बैशाख | २०८०।१।३१ | ४९९००।- |
| | जेष्ठ | २०८०।२।१<br>२०८०।२।३२ | ३३५९.०६।–<br>३८०१७.४७।- |
| | असार | २०८०।३।३० | ४६०३४.९५।- |
| | | **जम्मा** | **६५५४६९.२६।-** |
| वडा नं. ८<br>इश्वर आचार्य | साउन | २०८०।४।३२ | ३५४४७.६०।- |
| | भदौ | २०८०।५।३१ | ४३५५४.७२।- |
| | असोज | २०८०।६।३० | ६२०२६.१७।- |
| | कार्तिक | २०८०।७।३० | ५४१३६.५।- |
| | मंसिर | २०८०।८।३० | ६६४१७.४८।- |
| | पुष | २०८०।९।२९ | ४३९३८.४।- |
| | | | |

| | | | |
|---|---|---|---|
| | माघ | २०८०।१०।२९ | ४८५८.३५।- |
| | फागुन | २०८०।११।३० | २२०७२.७३।- |
| | चैत | २०८०।१२।३० | ३७८६०.४७।- |
| | बैशाख | २०८०।१।३१ | ३०५२४.७९।- |
| | जेष्ठ | | |
| | असार | २०८०।३।२<br>२०८०।३।३० | ३८६६३.६७।–<br>१६८३०९.९७।- |
| | | **जम्मा** | ६०७८१०.८५।- |
| वडा नं. ९<br>विष्णु प्रसाद पोखरेल | साउन | २०८०।४।३२ | २९८००।- |
| | भदौ | २०८०।५।३१ | ३४६२८.३५।- |
| | असोज | २०८०।६।३० | १०९८५१.४।- |
| | कार्तिक | २०८०।७।३० | ७८२२९.२६।- |
| | मंसिर | २०८०।८।३० | ११०६५८.३९।- |
| | पुष | २०८०।९।२९ | १०५५४७.४।- |
| | माघ | २०८०।१०।२९ | ८७४६७.९४।- |
| | फागुन | २०८०।११।३० | ६५९५९.५५।- |
| | चैत | २०८०।१२।३० | २९०७२.८७।- |
| | बैशाख | २०८०।।३१ | ५०२४०.५।- |
| | जेष्ठ | २०८०।२।३२ | ८३६२३.४९।- |
| | असार | २०८०।३।३० | १०३१०१.३८।- |
| | | **जम्मा** | ८८८१८०.५३।- |

## बेरूजु दफा ९५ सँग सम्बन्धित विवरण - अनुसूची -८

| कर्मचारीको नाम | रकम |
|---|---|
| ऋषिकेश भण्डारी | ३२३०० |
| चित्रा घर्तिमगर | १७००० |
| टंक बहादुर पुन मगर | १४८७५ |
| तुकमान राना मगर | १४८७५ |
| तुलसी जैसी | १७००० |
| धन बहादुर ओली | ४५२०० |
| प्रेम बहादुर जि सी | १२७५० |
| बलराम श्रेष्ठ | २५९२५ |
| मानस थापा | १५४७० |
| मोहन पौडेल | ४७००५ |
| रिमा नेपाली | १७००० |
| विष्णु खनाल | २७६२५ |
| श्याम सुन्दर कुमार मुखिया | १४८७५ |
| शोभाराम रोका मगर | ३१४५० |
| सौन्द्र्यमणि सुवेदी | ४१०५५ |
| **जम्मा** | **३७४४०५** |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नभएकोले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।